का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ भदौ २०८२
शुक्रबार
12 September 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २३, अंक २२२ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# संविधानबाटै निकास खोज्न दबाब



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २६ भदौ

मुलुकलाई वर्तमान संकटपूर्ण अवस्थाबाट निकास दिनका लागि संवैधानिक व्यवस्थाबाटै उपाय खोज्ने प्रयास भइरहेको छ। जेनजीका नाममा भदौ २३ र २४ मा भएको आन्दोलनबाट कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका समेत कब्जा र आगाजनी भएपछिसँगै मुलुकमा राजनीतिक र संवैधानिक संकटमा परेको छ।

भ्रष्टाचारको अन्त्य, सुशासन र अभिव्यक्ति स्वतन्त्रताजस्ता उचित मागसहित सुरु भएको शान्तिपूर्ण आन्दोलनमा घुसपैठले हुँदा आन्दोलन हिंसात्मक बनेको थियो। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सत्ता ढालेको युवापुस्ताको आन्दोलनमा ३४ युवाहरूले ज्यान गुमाएका छन्। प्रहरीले अन्दाधुन्ध गोली चलाउँदा २३ गते बानेश्वरमा १७ र विराटनगरमा २ गरी १९ जनाको मृत्यु भएको थियो। त्यसको झिल्कोले २४ गते सिंगो देशको शासन कब्जासँगै संरचना ध्वस्त भयो।

प्रधानमन्त्री, मन्त्रीहरू सबै दलका शीर्ष नेताहरूको भागाभाग भएका थिए भने नेताहरूका दर्जन बढी घरमा आगो लगाइएको छ। सिंहदरबार, अदालत, राष्ट्रपति कार्यालयसहित सार्वजनिक सम्पत्ति पूर्णरूपमा ध्वस्त भएका छन्। राजनीतिक दलका नेता लुकेर बस्नुपरेको छ। युवाहरूको आन्दोलन एकाएक हिंस्रक बनेपछि उत्पन्न देशको यो विषम परिस्थितिलाई सम्हाल्नुपर्ने दायित्व यतिबेला नेपाली सेनाको हातमा पुगेको छ। सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपति रामचन्द्र पौडेललाई आवश्यक सहजीकरण गर्दै संवैधानिक व्यवस्थाअनुसार नै आगामी अन्तरिम सरकार निर्माणमा भूमिका खेल्नुपर्ने नेपाली सेनाले जेनजीका प्रतिनिधिसँग मंगलबारबाटै छलफल थाले पनि निष्कर्षमा पुग्न सकेको छैन। सेनापति अशोकराज सिग्देलले पृष्ठ २ मा



अहिलेको गम्भीर प्रश्न भनेको संविधानमा टेकेर जाने कि नजाने भन्नेमा हो । नटेक्दा झन् भयावह हुने अवस्था छ ।

**भीमार्जुन आचार्य**
**संविधानविद्**

# व्यवस्था जोगाउन युवा नेता सक्रिय



मुलुकको परिस्थितिलाई सम्हाल्न संविधानकै जगमा रहेर निकास खोज्ने विषयमा राजनीतिक दलका युवा नेता एक ठाउँ उभिएका छन्। मुलुक गम्भीर संकटमा परेको परिस्थितिलाई सम्हाल्न जेजनीहरूकै मागअनुसार वर्तमान संविधानबाट समाधान नखोजिए भविष्यमा अझै ठूलो समस्या झेल्नुपर्ने उनीहरूको माग छ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मा र नेता चन्द्र भण्डारी, नेकपा एमालेबाट योगेश भट्टराई, ठाकुर गैरे र विद्या भट्टराई, नेकपा माओवादी केन्द्रबाट माधव सापकोटा, राजन दाहाल र अमनलाल मोदी पृष्ठ २ मा

# खुल्यो अदालत, 'कोमा'मा संसद् र सरकार

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बिहीबार सर्वोच्च अदालतको जलेको भवन अवलोकन गरे । फुलकोर्टको बैठक राखे र आइतबारबाट इजलास राख्ने निर्णय गराए । अर्थात् सर्वोच्च अदालतको कामकारबाही अगाडि बढाएर अदालत खुलेको सन्देश दिएका छन्

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २६ भदौ

सर्वोच्च अदालतको भवन पुरै जलेर खरानी भएको छ। यसका बाबजुत प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले अदालतको कामकारबाही सुरु गरेका छन्। बिहीबार जलेकै भवनमा फुलकोर्टको बैठक राखे। आइतबारबाट सकिने काम गर्ने गरी इजलास राख्दै छन्।





अर्थात् अदालत यथाअवस्थामा खुलेको छ। संसद् र सरकार भने 'कोमा'मा छ। सरकार गठनको प्रारूप नै तयार भएको छैन। ४ मंसिर २०४९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभाको कुनै गतिविधि छैन। जेनजीले संसद नै भंग गरेर नयाँ निकास खोजिरहेका छन्। राजनीतिक दलहरू भने संसद भंग नगरी निकास खोज्नुपर्ने भनेर दबाब बढाउँदै छन्। यसबेला सभामुख देवराज घिमिरे मौन छन्। राष्ट्रिय सभा जसलाई कहिल्यै रिक्त नहुने सभाका रूपमा लिइन्छ। यो पनि कतै देखिँदैन। संघीय संसद्को अधिवेशन अन्त्य भएको छैन। तर राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल कुनै गतिविधि गरिरहेका छैनन्।

प्रतिनिधि सभाअन्तर्गत १० वटा विषयगत समिति छन्। राष्ट्रिय सभाअन्तर्गत चारवटा विषयगत समिति रहेका छन्। दुईवटै सभाअन्तर्गत दुईवटा समेत गर्दा १६ वटा संसदीय विषयगत समिति रहेका छन्। यी पनि सक्रिय हुन सकिरहेका छैनन्। अर्थात् संसद् पूरै ठप्प छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार क्षति नियाल्ने काम भएको छ। उनका अनुसार संसदको एक नम्बर भवन पूरै जलेको छ। पार्किङ गरेर राखिएका गाडी र मोटरसाइकल जलेका छन्। दुई नम्बर बिल्डिङमा भने क्षति मात्रै भएको छ। गाडी र भवनका सिसा तोडफोड भएका छन्।

संसद्जस्तै सरकार पनि कोमामा छ। सामान्य अवस्थामा एउटा प्रधानमन्त्रीले राजीनामा दिएपछि अर्को प्रधानमन्त्री नबन्दासम्म कामचलाउ पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय चासोमा नेपाल, कसले के भने ?





दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २६ भदौ

नेपाल नयाँ सरकार गठनको प्रयासमा छ। जेनजीको आन्दोलनपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए। ओलीको राजीनामासँगै नयाँ सरकार गठनका लागि वर्तमान प्रतिनिधि सभामा रहेको संसदीय अंकगणित अस्वीकार्य रहेको जेनजीहरूले बताउँदै आएका छन्।

यस्तोमा संसदबाहिरबाट प्रधानमन्त्री बनाउने प्रयास भइरहेको छ। सुरक्षाको जिम्मेवारी नेपाली सेनाले लिएको छ। नेपाली सेनाले नै नयाँ सरकार गठनका लागि सहजीकरण गरिरहेको छ। यस्तो बेला नेपालभित्र मात्रै होइन, अन्तर्राष्ट्रिय रूपमा पनि नेपालको राजनीतिबारे चासो चुलिँदो छ।

औपचारिक रूपमा भने संयुक्त राष्ट्रसँग, भारतीय दूतावास, एमनेस्टी इन्टरनेसनलले नेपालको बदलिएको परिस्थितिबारे बोलेका छन्। संयुक्त राष्ट्र र मानवअधिकार कार्यालयले नेपालको घटना चिन्ता व्यक्त गर्दै प्रदर्शनकर्तामाथि गोली र अन्य हतियारको प्रयोग भएकोमा चासो राखेका छन्। मानवीय अधिकार उल्लंघनमा छानबिनको माग गरेका छन् भने राजनीतिक संकटको निकासबारे नेपालले गर्ने अभ्यास नियाल्ने भनेका छन्।

विदेशी सञ्चार माध्यमहरूले पनि नेपालको मामिलामा चासोपूर्वक समाचार र समाचारजन्य सामग्री सम्प्रेषण गरिरहेका छन्। नागरिकस्तरमा रहेको असन्तुष्टि र अवसर, रोजगारी, भ्रष्टाचार, सामाजिक समानताको कमी आदि मुद्दाहरूसँग जेनजीको प्रदर्शन जोडिएको भनेर विश्लेषण गरिरहेका छन्। सामाजिक सञ्जाल बन्द गर्ने निर्णयको विरोधमा उत्रिएको जेनजीको प्रदर्शनका क्रममा राज्यका महत्वपूर्ण निकाय र संरचना जलेका छन्।

नयाँ सरकार गठनबारे औपचारिक रूपमा अहिलेसम्म कुनै देश वा अन्तर ाष्ट्रिय संगठनले केही भनेका छैनन् । तर नयाँ सरकारको नेतृत्व, सदस्यता, समयावधि आदि विषयमा गम्भीरतापूवर्क चासो राखिरहेका छन् ।

संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्तको कार्यालयले नेपालमा भएको यस्तो अवस्थाप्रति चिन्ता व्यक्त गर्दै र संवाद र राजनीतिक प्रक्रियाका माध्यमबाट राजनीतिक निकास समाधान खोज्न आग्रह गरेको छ।

नेपालस्थित विभिन्न देशका राजदूतावासहरूले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण प्रदर्शनको अधिकार सुनिश्चित गर्नेगरी अगाडि बढ्न आग्रह गरिएको छ।

तथापि नयाँ सरकार गठनबारे औपचारिक रूपमा अहिलेसम्म कुनै देश वा अन्तर्राष्ट्रिय संगठनले केही भनेका छैनन्। तर नयाँ सरकारको नेतृत्व, सदस्यता, समयावधि आदि विषयमा गम्भीरतापूवर्क चासो राखिरहेका छन्। अनौपचारिक रूपमा भने अन्तर्राष्ट्रिय समुदायले नेपाललाई संवैधानिक प्रक्रिया अपनाउने विश्वास र आशा व्यक्त गरेको प्रतिक्रिया दिँदै आएका छन्। नेपालमा भएको प्रदर्शनबारे विदेशमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियाको एयरपोर्टमा रोकिए दुई सय नेपाली

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, मलेसिया, २६ भदौ

नेपालमा जेनजी आन्दोलनका कारण उत्पन्न असहज अवस्थाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान बन्द हुँदा मलेसियाको क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थल (केएलआइए) मा झन्डै दुई सय नेपाली स्वदेश फर्किनबाट रोकिएका छन्।

मलेसियाको अध्यागमन पार गरिसकेका तथा विभिन्न देशबाट ट्रान्जिट हुँदै आएका नेपाली यात्रुहरू विमानस्थलभित्रै अड्किनुपरेको नेपाली राजदूतावास, क्वालालम्पुरका जनसम्पर्क अधिकृत जयप्रकाश गिरीले जानकारी दिए। राजदूतावासका अनुसार स्वदेश पर्खाइमा बसेका ती नेपालीहरूलाई खानाको व्यवस्था तथा आवश्यक सहजीकरण गरिएको छ। खानाको व्यवस्था गर्न राजदूतावासको समन्वयमा गैरआवासीय नेपाली संघ (एनआरएनए) मलेसिया, नेपाल आदिवासी जनजाति महासंघ मलेसिया, व्यवसायी तथा विभिन्न संघसंगठनले सहयोग गरेका छन्।

दूतावासका कर्मचारीहरू स्वयं विमानस्थलभित्र प्रवेश गरेर भोकभोकै रहेका यात्रुहरूलाई खाना वितरण गरेका थिए। दुई दिन बन्द भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हाल आंशिक रूपमा सञ्चालनमा आइसकेको छ। नेपालमा पूर्ण रूपमा उडान पुनःस्थापना नभए पनि छिटपुट हवाई उडानहरू सुचारु हुन थालेका छन्।

## सामाजिक सञ्जालको दुरुपयोगले वैदेशिक रोजगार जोखिममा

भोजराज बस्नेत/रासस
राँझा, बाँके, २६ भदौ

सूचना प्रविधिको विकाससँगै प्रयोग भएका नयाँ शैलीले वैदेशिक रोजगार र मानव बेचबिखनविरुद्धको अभियानमा चुनौती थपिएको छ। 'सामाजिक सञ्जाल फेसबुक, टिकटक र इमो'मा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्ने जस्ता जोखिमहरु देखा पर्न थालेका छन्।

बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिएको मानव बेचबिखन तथा ओसारपसारविरुद्ध क्रियाशील संस्था माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले बताए। 'कुनै समय गाउँगाउँमा गएर अशिक्षित महिला अथवा किशोरीहरुलाई फकाएर बेचबिखनका लागि भारत तथा तेस्रो मुलुक लैजाने गरिएका घटनाहरू निकै सुनिन्थे। अहिले त्यसको स्वरुपमा परिवर्तन आएको छ, शैली फेरिएको छ, जोखिम बढेको छ,' कोइरालाले भने, 'मानव बेचबिखन पहिलेको भन्दा नयाँ स्वरुपमा विकसित भइरहेको छ। मानव बेचबिखन हुने संख्या मात्रै नभई शैली पनि बढ्न थालेका छन्।'

केही वर्षअघि सम्म गाउँका अशिक्षित महिलाहरू मात्रै बेचबिखनका जोखिममा पर्ने गरेका भए पनि पछिल्ला वर्षहरुमा सामाजिक सञ्जालको प्रयोग बढेसँगै सहरकै शिक्षित महिला पनि बेचबिखनको जोखिममा पर्न थालेको कोइरालाको भनाइ छ।

मानव बेचबिखन र ओसारपसारमा पछिल्लो समय लोकप्रिय भइरहेको सामाजिक सञ्जाल 'टिकटक'को दुरुपयोग तीव्र रुपमा बढिरहेको छ। विशेषगरी किशोरावस्थाका युवतीहरू टिकटकका माध्यमबाट अपरिचित व्यक्तिको सम्पर्कमा पुगी बेचबिखनको जोखिममा परेका छन्।

'आजभोलि अधिकांश महिला र युवायुवती मोबाइलमा नै व्यस्त देखिन्छन्। प्रविधिले धेरै कामलाई निकै सहज बनाए पनि यसको दुरुपयोगले नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्दै आएका छन्,' संयोजक पृष्ठ २ मा

# वैधानिक प्रक्रियामार्फत नयाँ सरकार गठन गर्न पूर्वराष्ट्रपति भण्डारीको आग्रह

**काठमाडौं/मस**–पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै संवैधानिक प्रावधानअनुसार अगाडि बढ्नुपर्नेमा जोड दिएकी छन् ।

पूर्वराष्ट्रपति भण्डारीले बिहीबार प्रेस विज्ञप्ति जारी गरी 'जेनजी'को आन्दोलनपछि प्रधानमन्त्रीले दिएको राजीनामा स्वीकृत भइसकेको र संविधानबमोजिम गठित राष्ट्रपति एवं जननिर्वाचित संस्थाहरू कायमै रहेको अवस्थामा आन्दोलनरत पक्षको माग र चाहनालाई समेत अभिव्यक्त गर्नेगरी संविधानिक व्यवस्थाबमोजिम मुलुकलाई राजनीतिक निकास दिनुपर्नेमा जोड दिएकी हुन् ।

उनले 'जेनजी' आन्दोलनमा भएको मानवीय क्षति र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै आन्दोलनका क्रममा के कसरी हिंसात्मक गतिविधि



भए भन्ने समीक्षा गर्न पनि आग्रह गरेकी छन् ।

प्रधानमन्त्रीले राजीनामा दिएपछि सरकार कामचलाउ अवस्थामा छ । तर संविधानले सुनिश्चित गरेका राष्ट्रपति र जननिर्वाचित संसदजस्ता संस्थाहरू विद्यमान छन् । त्यसैले वैधानिक प्रक्रियामार्फत नयाँ सरकार गठन गर्नुपर्ने हुन्छ,' भण्डारीले विज्ञप्तिमा भनेकी छन्।

उनले युवा पुस्ताको आन्दोलनलाई लोकतान्त्रिक मूल्य र मान्यतासहित सही दिशातर्फ उन्मुख गराउनुपर्ने आवश्यकता औंल्याउँदै हिंसा र तोडफोडबाट राज्य तथा सम्पदामा पुगेको क्षतिको गम्भीर छानबिन गर्नसमेत सम्बद्ध सबैलाई आग्रह गरेकी छन् ।

उनले सामाजिक सञ्जाल बन्द गरिँदा निस्सासिएको समाजलाई स्वतन्त्रताको वातावरणमा फर्काउने जेनजी पुस्ताको सपना अझ लोकतान्त्रिक र अग्रगामी हुने विश्वास समेत व्यक्त गरेकी छन् ।

## संविधानबाटै...

संवादको विभिन्न प्रयासलाई जारी राखेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक दायराभित्र रहेर समाधान खोज्ने काम भइरहेको वक्तव्य सार्वजनिक गरेका छन् । उनले मुलुकलाई वर्तमान संकटपूर्ण अवस्थाबाट निकास दिन र शान्ति-सुव्यवस्था कायम राख्न सबैलाई सहयोगी बन्न अपिल गरेका छन् । 'देशको संवैधानिक दायराभित्र रहेर समाधान खोज्ने काम भइरहेको छ,' उनले भनेका छन, 'आन्दोलनरत नागरिकका माग सम्बोधन गर्दै लोकतन्त्रको संरक्षण र शान्ति सुव्यवस्था कायम गर्ने विषयमा निरन्तर विचार-विमर्श र प्रयास भइरहेको छ ।' सबै पक्षलाई संयमतापूर्वक समस्या समाधानमा सहयोग उनले आग्रह गरेका छन् ।

तर आन्दोलनकारी जेनजी समूहमा एकअर्काप्रति विश्वासको स्थिति सिर्जना हुँदै जाँदा सैनिक जंगी अड्डामा छलफलका लागि कसलाई नेतृत्व गरेर पठाउने भन्नेसम्मको कुरा मिल्न सकेको छैन । कम्तीमा पाँचवटा समूह बनेको जेनजीभित्रै मारामारको अवस्था देखिएको आन्दोलनमा सहभागी युवाहरूले बताउने गरेका छन् । उनीहरू विभिन्न व्यक्तिका नाममा समूह बनाएर आगामी प्रधानमन्त्रीको प्रस्ताव लिएर हिँडेका छन् । यसलाई सेनाले स्वीकार गरेको अवस्था छैन ।

एकाथरीले राज्य सत्ताले कब्जा गरिसकेकाले नयाँ सिराबाट अघि बढ्न संसद र संविधानसमेत नमान्ने बताइरहेका छन् भने अर्कोथरी युवाहरूले राज्य शून्यतामा पुगेकाले बाँकी रहेको संविधानबाटै राष्ट्रपतिमार्फत निकासका उपायहरू खोज्नुपर्ने पक्षमा छन् । संविधानविद भीमार्जुन आचार्य संविधानलाई टेकेर जाने कि नजाने भन्नेमा संवैधानिक जटिलता रहेको बताउँछन् । 'संविधानलाई नटेकी जाने हो भने मुलुकले झन् ठूलो क्षति बेहोर्न सक्छ,' उनले मध्यान्हसँग भने, 'अहिलेको गम्भीर प्रश्न भनेको संविधानमा टेकेर जाने कि नजाने भन्नेमा हो । नटेक्दा झन् भयावह हुने अवस्था छ । मुलुक नियन्त्रणबाहिर जान सक्छ । देश नै नरहन पनि सक्छ ।' संविधानमा टेकेर जाँदा प्रधानमन्त्री बन्न प्रतिनिधि सभाको सदस्य अनिवार्य हुनुपर्छ व्यवस्था रहेको उनले जटिलता देखाएका छन् । 'संविधानअनुसार प्रतिनिधि सभा सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्न पाउँदैन । संविधानअनुसार सर्वोच्च अदालतका न्यायाधीश वा प्रधानन्यायाधीश मानवअधिकार आयोगमा बाहेक कुनै पदमा नियुक्ति लिन पाइँदैन । त्यसकारण हामी यो द्विविधामा छौं ।'

जेनजी अभियान्ता हामी नेपालका अध्यक्ष सुदन गुरुङले संविधान खारेज नभई पुनर्लेखन गर्नुपर्ने माग जेन जीको रहेको बताए । पत्रकार सम्मेलनमार्फत उनले जेन-जेकीको भावना प्रतिनिधित्व हुनेगरी अन्तरिम सरकार बनाउनुपर्ने बताएका हुन् । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाउने योजान सुनाउँदै उनले भने, 'पहिले महिला प्रधानमन्त्री नेपालीले इतिहास रच्ने हो । राम्रो व्यक्तिलाई मन्त्री बनाएर अन्तरिम सरकार बनाउने हो । संविधान चाहिन्छ तर संविधान संशोधन हुनुपर्छ ।' तर कतिपयले जेनजीले आन्दोलनबाट ल्याएको परिवर्तनको नेतृत्व पनि युवापुस्ताबाटै हुनुपर्ने भन्दै यसको विरोध जनाएका छन् । यद्यपि, संविधानसंवत रूपमै जानुपर्ने विषयमा उनीहरू सकारात्मक देखिन्छन् । जेनजी' आन्दोलनमा राज्यले गरेको बर्बर दमन र त्यसपछिको अराजकताको स्वतन्त्र छानबिन गर्न नागरिक समाजका अगुवाहरूले समेत माग गरेका छन् ।

## व्यवस्था...

तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट सोविता गौतम र शिशिर खनालले संयुक्त छलफल गरेका छन् ।

'यो संविधान बन्ने बाटो सजिलो थिएन, हामीले धेरै कुरा भोगेका छौं,' गगन थापाले भनेका छन्, 'हामीले गृहयुद्ध भोग्यौं । ठुलो जातीय युद्ध भोग्यौं । नेपालभित्र आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, अल्पसंख्यक, महिला थुप्रैका माग मुद्दामा सन्तुलन मिलाएर बनाएको संविधान हो यो । एउटा सन्तुलन खोजेर बनाइएको संविधान हो यो । आफ्ना अधिकार खोसियो भन्ने पर्‍यो भने फेरि सबैले बोल्ने अवस्था आउँछ । कसैले सम्हाल्न सक्दैनौं त्यसैले संविधानको निरन्तरताबारे तपाईंहरूले ख्याल गर्नैपर्छ ।'

त्यस्तै, नेकपा एसकी नेता रामकुमारी झाँक्रीले पनि व्यवस्था बचाएर समस्या समाधान खोजिनुपर्ने बताएकी छन् । व्यवस्था बचाएर मुलुकलाई संवैधानिकतवरबाटै निकास दिने विषयमा सांसदहरूले जेनजीलाई सम्बोधन गर्दै धमाधम विज्ञप्ति सार्वजनिक गरी सक्रियता बढेका हुन् । उनीहरूबीच संवैधानिक प्रक्रियाबाटै अहिलेको समस्याको निकास खोज्नुपर्नेमा मतऐक्यता छ ।

'संवैधानिक बाटोभित्रबाट निकास खोज्नुपर्छ भन्ने हाम्रो कुराकानी भएको हो,' नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले भने । छलफलमा भदौ २३ र भदौ २४ को दुवै घटना छानबिन गर्नुपर्छ भन्नेमा सांसदहरू एक ठाउँमा रहेको उनले बताए । 'सरकारबाट भएको अघिल्लो दिनको नरसंहार र भोलिपल्टको विध्वंस छानबिन गर्नुपर्छ भन्ने कुरामा सबैको एउटै धारणा रहेको छ,' नेपाली कांग्रेसका सासद चन्द्र भण्डारीले भने, 'जेनजीको माग सम्बोधन हुनेगरी संवैधानिकतवरबाटै अहिलेको मुलुकको समस्या समाधान खोजिनुपर्छ ।'

## खुल्यो...

सरकारले काम गरिरहेको हुन्छ । विगतमा माधव नेपालले नौ महिनासम्म काम चलाउ सरकारको नेतृत्व गर्ने अवस्था बनेको थियो । नयाँ सरकार नबनेसम्म काम चलाउ सरकारले काम गर्ने अभ्यास यसपटक काम लागेको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएसँगै सुरक्षाको जिम्मा नेपाली सेनाले लिएको छ । सुरक्षाको जिम्मा लिएको सेनाले प्रधानमन्त्री चयनको प्रक्रियामा समेत सहजीकरण गरिरहेको छ । अर्थात्, काम चलाउ सरकारसमेत छ भन्ने कतै छैन । सरकार छ भन्न नै नागरिकले अनुभूत गर्न सकेका छैनन् ।

यस्तो बेला प्रधानन्यायाधीश राउतले सर्वोच्च अदालतको कामकारबाही अगाडि बढाएर अदालत खुलेको सन्देश दिएका हुन् । बिहीबार जलेको भवन अवलोकन गरे, फुलकोर्टको बैठक राखे र शुक्रबारबाट इजलास राख्ने निर्णय गराए । न्यायाधीशहरूको समेत गाडी जलेका छन् । तर अदालत आउन सहजीकरण गर्ने वैकल्पिक उपाय अपनाएर भए तापनि इजलास राख्नेगरी फुलकोर्टले इजलास राख्ने निर्णय गरेको हो । संसद् र सरकार भने नयाँ सरकार बनेपछि मात्रै सक्रिय हुन सक्ने अवस्थामा छ ।

## अन्तर्राष्ट्रिय...

रहेका नेपालीहरूले समेत चासो राख्दै आएका छन् । अमेरिका, अस्ट्रेलियालगायतका देशमा रहेका नेपालीहरूले प्रदर्शनसमेत गरेका छन्। यसकारण पनि ती देशले नेपालको मामिलाबारे चासो राखेका छन् । नेपालको राजनीतिक परिवर्तनमा छिमेकी मुलक भारत र चीनको समेत चासो रहँदै आएको छ । भूराजनीतिक अवस्थितिका कारण अमेरिकालगायत पश्चिमा मुलुकले समेत नेपालको मामिलामा चासो राख्ने गरेको छ ।

एकातिर नेपालबारे अन्तर ाष्ट्रिय चासो बढ्दै गएको र अर्कोतिर नेपाली सेनाले सुरक्षाको जिम्मेवारी लिएर नयाँ सरकार गठनका लागि थालेको वार्ता निष्कर्षमा पुग्न समय लागिरहेको छ । यो बेला नेपालभित्रैबाट समेत लेखक तथा नागरिक अगुवाहरूले संविधानको दायराभित्रबाटै अन्तरिम सरकार गठन गर्न राष्ट्रपतिसमक्ष दबाब बढाएका छन् ।

बिहीबार विभिन्न २० जना अगुवाहरूले संयुक्त वक्तव्य जारी गर्दै जेनजी समूहका साथै राजनीतिक दल, नागरिक समाज र बौद्धिक समुदायसँग समेत संवाद अगाडि बढाउनसमेत आग्रह गरेका छन् । आन्दोलनकारी जेन-जी समूहका साथै राजनीतिक दल, नागरिक समाज र बौद्धिक समुदायसँग समेत संवाद अगाडि बढाउन र ऐतिहासिक संविधानसभामार्फत बनेको संविधानको बृहत्तर दायराभित्रैबाट आन्दोलनको भावना र नागरिक सर्वोच्चता स्थापित हुनेगरी अन्तरिम सरकार गठन गर्न राष्ट्रपतिलाई अपिल गरिएको छ ।

यस्ता संवाद, परामर्श र छलफल नेपाली सेनाको मुख्यालयमा मात्रै नभई राष्ट्रपति कार्यालयमा गर्न पनि उनीहरूको अपिल छ ।

जेनजीहरूको आन्दोलनमा सरकारका तर्फबाट अनावश्यक बल प्रयोग भएको र यो दुर्भाग्यवश धेरै ठुलो जनधनको क्षति भएको बताउँदै उनीहरूले सरकारको यस्तो अलोकतान्त्रिक, बर्बर र दमनकारी प्रवृत्तिको घोर भर्त्सना र निन्दा पनि गरेका छन् । यसबारे छानबिन गरी दोषीमाथि कारबाही गर्ने सुनिश्चितताका साथ उच्चस्तरीय न्यायिक आयोग गठन गर्न माग गरेका उनीहरूले राजनीतिक निकास पनि आन्तरिक रूपमै गरिनुपर्ने बताएका छन् ।

## सामाजिक...

कोइरालाले भने, 'प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिका कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् ।'

चेलीबेटी बेचबिखनविरुद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेका छन् । विगतमा भौतिक उपस्थितिमा नै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुर्‍याउने गरेको माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला बताउँछन् । दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिला मात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । ग्रामीण क्षेत्रका अधिकांश महिलाले 'फेसबुक'भन्दा 'इमो' बढी चलाउने गरेका छन् ।

'फेसबुक र म्यासेन्जरभन्दा इमोमार्फत कुराकानी गर्न सहज हुन्छ, जोखिममा रहेर उद्धार गरिएका धेरै महिलाले इमोमार्फत सम्पर्क भएको बताउने गरेका छन्,' कोइरालाले भने, 'दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।' मोबाइल फोन, फेसबुक, म्यासेन्जर, इमोलगायत कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ । छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागिर लगाइदिने, प्रेम तथा विवाह गर्ने बहानामा युवतीलाई सीमा कटाउने क्रम बढेकाले पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा चुनौती रहेको छ । माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला अहिले मोबाइल फोन, फेसबुक मानव बेचबिखन तथा ओसार पसारको गतिलो माध्यमका रुपमा प्रयोग भएको बताए ।

सामाजिक सञ्जालबाट सम्बन्ध विस्तार पछिल्लो समय धेरै प्रयोगमा आएको सामाजिक सञ्जाल फेसबुक र टिकटकबाट सम्बन्ध विस्तार गरी महिलाहरु बेचबिखनको जोखिममा पर्ने गरेका छन् । टिकटकको माध्यमबाट चिनजान र कुराकानी भई घरबाट हिँडेका घटनामा जोखिम बढी पाइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाले बताए । माइती नेपालले यसरी टिकटकको माध्यमबाट चिनजान भई सीमापार जान लागेका किशोरीलाई उद्धारसमेत गरेपछि टिकटक पनि बेचबिखनको माध्यम बनेको खुलेको हो ।

गत आर्थिक वर्षमा मात्रै करिब दुई दर्जन महिला सामाजिक सञ्जालमा नै चिनजानको भरमा भारत जान लागेका महिलालाई सीमा नाकाबाट फर्काइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाको भनाइ छ ।

'सामाजिक सञ्जालमा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरु देखापर्न थालेका छन् । अझ अहिले बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिन थालेको छ,' बेचबिखनमा आएको परिवर्तित शैलीबारे कोइरालाले भने, 'सामाजिक सञ्जालको दायरा फैलिएको छ । फेसबुक, ह्वाट्स एपपछि अहिले मानव बेचबिखनमा टिकटकको प्रयोग तीव्र रुपमा बढिरहेको छ । यसले अशिक्षित र गाउँका महिला मात्रै होइन शिक्षित र सहरिया महिलाहरु पनि जोखिममा छन् ।'

राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा महिलाहरू जानाजान जोखिम मोल्न तयार हुने गरेको पाइएको उनको भनाइ छ । माइती नेपालले गत आर्थिक वर्ष २०८१।०८२ मा भारत जान लागेका ५१२ महिला तथा बालबालिकालाई नेपाल-भारत सीमाक्षेत्र जमुनाह नाकाबाट उद्धार गरेको छ । उद्धार गरिएकालाई परामर्शपछि अभिभावकको जिम्मा लगाइएको माइती नेपाल नेपालगञ्जका प्रमुख केशव कोइरालाले बताए । यो अवधिमा माइती नेपाल नेपालगञ्जले भारतबाट १४ जनाको उद्धार गरेको छ ।

गत आर्थिक वर्षमा माइती नेपालको नेपालगञ्जस्थित कार्यालयमा ८१७ खोजतलासको निवेदन परेको थियो । त्यसमध्ये ४३७ जना फेला परेका छन् । अझै ३८० जना बेपत्ता रहेका छन् । माइती नेपालले जोखिमपूर्ण यात्रामा रहेकालाई नाकामै रोकेर अभिभावकको जिम्मा लगाउने गर्दछ । विभिन्न दिवसहरुमा नाकामा जनचेतनामूलक पर्चा, पम्प्लेट बाँड्ने, सडक नाटक देखाउने, अन्तरदेशीय कार्यशाला गर्ने गरेको कोइरालाले जानकारी दिए ।

उनले खोजतलास तथा उद्धारका लागि धेरै निवेदन आउने र भारत तथा तेस्रो मुलुकबाट उद्धार गर्नुपर्ने हुँदा त्यहाँ सरकारी संयन्त्र नहुँदा उद्धारमा समस्या हुने गरेको बताए । भारतबाट त्यहाँको संघसंस्थाको सहयोग लिएर उद्धार गर्ने गरेको उहाँको भनाइ छ । नयाँ शैलीले बढ्दो जोखिम मानव बेचबिखन तथा ओसारपसारमा प्रयोग भएको नयाँशैलीले रोकथाम अभियान चुनौतीपूर्ण बन्दै गएको मानव बेचबिखनविरुद्ध काम गरिरहेका संघसंस्थाका प्रतिनिधिको भनाइ छ । मानव दलालहरुले अपनाउने फरक-फरक शैलीले जोखिम बढ्दै गएको शान्ति पुनःस्थापनागृहका क्षेत्रीय संयोजक निर्मल सुवेदी बताउँछन् ।

'वैदेशिक रोजगारीका नाममा भनेर लैजाने तर प्रक्रिया नपुगेका कारण श्रमशोषण, यौनशोषण हुने काममा लगाउने गरेका धेरै घटनाहरु छन्,' उनले भने, 'सामाजिक सञ्जालमार्फत एकले अर्कालाई साथी बनाउने र ती साथीसँग कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरु देखापर्न थालेका छन् ।'

उनका अनुसार विगतमा अशिक्षित र गाउँका महिलाहरु बेचबिखनमा पर्ने भए पनि अहिले भने शिक्षित र सहरी क्षेत्रकै महिलाहरु पनि विदेश जाने र धेरै कमाउने लोभमा बेचबिखनमा पर्ने घटनाहरु बढेका छन् । आफू जोखिममा पर्दैछु भन्ने थाहा भए पनि वैदेशिक रोजगारीमा जान चाहने शिक्षित महिलालाई जोगाउन झन् चुनौतीपूर्ण रहेको छ ।

मानव बेचबिखनका घटना बढ्दो मानव बेचबिखनका घटना प्रत्येक वर्ष बढ्दै गएका छन् । बढ्दो विलाशीलताप्रतिको आकर्षण, सञ्चार प्रविधिको दुरुपयोग र असुरक्षित बसाइँसराइका कारण मध्यमवर्गका व्यक्ति बेचबिखनमा पर्ने गरेको पाइएको छ । राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा पनि महिला जानाजान जोखिम मोल्न तयार हुने गरेको शक्ति समूहकी क्षेत्रीय अधिकृत निर्मला पौडेलले बताए । उनले मानव बेचबिखनविरुद्ध कुनै एक व्यक्ति वा एक संस्थाले मात्र प्रयास गरेर नहुने भएकाले समाज र प्रहरी प्रशासनको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक पातलीले मानव बेचबिखनमा पीडित तथा प्रभावितलाई न्यायका लागि आफूहरु संवेदनशील रहेको बताए । मानव बेचबिखनविरुद्ध क्रियाशील संघसंस्थासँगका समन्वयमा जिल्ला प्रहरी कार्यालय बाँकेले मानव बेचबिखनविरुद्ध छ थान मुद्दा दर्ता गरेको पातलीले जानकारी दिए ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी पूर्णबहादुर खत्रीले बदलिँदो सामाजिक अवस्था र अरूको देखासिखीले पनि मानव बेचबिखनका घटना बढ्दै गएकाले सामाजिक संघसंस्था र स्थानीय सरकारले चेतनासँगसँगै आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । उनले पछिल्लो समय सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरुपयोगले मानव बेचबिखनको जोखिम बढाएको बताउँदै यसलाई रोक्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिए ।

# हेटौंडा बालसुधार गृहबाट भागेका ४१ बाल बन्दी फर्किए

**काठमाडौं/मस**–हेटौंडा उपमहानगरपालिका-११ स्थित बाल सुधार गृह तोडफोड गरेर भागेका ७२ जनामध्ये ४१ जना बाल बन्दीलाई फर्काइएको छ ।

बुधबार र बिहीबार गरेर भागेकाहरू ७२ जनामध्ये ४१ जनालाई नियन्त्रणमा लिइएको बाल सुधार गृहले जनाएको छ । सुधार गृहका अनुसार भागेकामध्ये २ जना आफैं फर्किएका हुन भने बाँकीलाई प्रहरीले नियन्त्रणमा लिएर बाल सुधार गृहको जिम्मा लगाएको थियो । ३१ जना अझै फरार रहेको बताइएको छ । १० देखि १५ जना बाल बन्दीहरू परिवारको सम्पर्कमा समेत नआएको अभिभावकहरूले सुधार गृहलाई जानकारी गराएका छन् ।




**पर्साका बालसुधारगृहबाट भागेका ६७ बालबिज्याइकर्ता फरार**

पर्साको बालसुधारगृह तोडफोड गरेर भागेका ६७ बालबिज्याइकर्ता किशोर अझैसम्म पनि फरार रहेका छन्।

गत मंगलबार रातको समयमा बालसुधारगृह तोडफोड गरेर भागेका उनीहरु अझैसम्म पनि पक्राउ परेका छैनन् । बालसुधारगृहका कार्यालय प्रमुख टीकाकृष्ण काफ्लेले बालसुधार गृहबाट भागेका ३३ जनालाई पर्सा प्रहरीले पक्राउ गरेर हिरासतमा राखेको जानकारी दिए ।

'गत मंगलबार राति बालसुधारगृहबाट भागेका ६७ जना अहिलेसम्म पनि सम्पर्कमा आएका छैनन्' उनले भने, 'फरार भएका बालसुधार गृहका बालबिज्याइकर्ताका अभिभावकलाई सम्पर्क गरेर तुरुन्तै सुधारगृहमा ल्याउनका लागि अनुरोध गरेका छौं, उनीहरु नआएको खण्डमा अर्को मुद्दा चल्नेछ ।'

बालसुधारगृहमा १ सय ४२ जना बालबिज्याइकर्ता रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम मिश्रले बालसुधार गृहबाट भागेका किशोरहरुको खोजी कार्य तीव्र पारिएको जानकारी दिए ।

'बालसुधारगृहबाट भागेकाहरुको खोजी कार्य तीव्र बनाइरहेका छौं', उनले भने, 'केन्द्रीय कारागार तथा भीमफेदीको कारागारबाट फरार भएका छ जना कैदीलाई पक्राउ गर्न सफल भएका छौं, फरार भएका बालबिज्याइकर्ताको खोजी कार्य तीव्र पारिरहेका छौं ।'

बुधबार वीरगञ्ज कारागारमा रहेका कैदीहरु भाग्न खोज्दा तीनवटै सुरक्षा निकायले अधिकतम सावधानी अपनाउँदा कैदी तथा थुनुवा भाग्नबाट रोकिएका छन् । पछिल्लो समय यहाँको कारागारको सुरक्षा व्यवस्थापन नेपाली सेनाले लिएको छ ।

# काठमाडौं उपत्यकामा शुक्रबार दिनभर निषेधाज्ञा, राति कर्फ्यु

**काठमाडौं/मस**–नेपाली सेनाले काठमाडौं, भक्तपुर र ललितपुरमा शुक्रबार पनि दिनभर निषेधाज्ञा र राति कर्फ्यू लाग्ने जानकारी गराएको छ ।

सेनाको मुख्यालय जंगगीअड्डाले जारी गरेको विज्ञप्ति अनुसार, भदौ २७ गते बिहान ११ बजेबाट बेलुकी ५ बजेसम्म निषेधाज्ञा लाग्नेछ । त्यस्तै, साँझ ७ बजेबाट रातभर कर्फ्यू आदेश जारी गरिएको छ ।



बिहान ६ देखि ११ बजे र साँझ ५ देखि ७ बजेसम्मको समयमा भने अत्यावश्यक कार्यका लागि आवतजावत गर्न सकिने नेपाली सेनाले विज्ञप्तिमार्फत जनाएको छ ।

**कुवेतमा रोजगार**

कम्पनी: Al-joud united company for general cleaning contractingfor buildings,cities and roads — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६६४ — LT. No.: 330928

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 0 | 25 | स. काममा दक्ष | 85 | ३९,३८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३ गते (19 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५४१/०७८/०७९

**Pratik Human Resource Pvt. Ltd.**
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092,
Mobile No.: 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

**कुवेतमा रोजगार**

कम्पनी: GENOA PLASTIC INDUSTRIES — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/२६ — चलानी नं.: ६०२४४६६२ — LT. No.: 330866

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/Labor/Cleaner (Indoor) | 40 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ४१,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HVAC Technician | 5 | 0 | | 275 | १,२६,६२६ | | | | | | | |
| 3. | Heavy Driver | 5 | 0 | | 150 | ६९,०६९ | | | | | | | |
| 4. | Diesel Mechanic | 4 | 0 | | 200 | ९२,०९२ | | | | | | | |
| 5. | Store Keeper | 3 | 0 | | 250 | १,१५,११५ | | | | | | | |
| 6. | Administrator | 3 | 0 | | 250 | १,१५,११५ | | | | | | | |
| 7. | Machine Operator | 9 | 0 | | 275 | १,२६,६२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३ गते (19 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUPREME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202,
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

# 'जेन जी पुस्ताको माग व्यवस्था परिवर्तन होइन, आवश्यक परे सडकमा जान तयार छौं'

**काठमाडौं/मस–** कानून व्यवसायीहरुले अहिलेको अवस्थालाई परिवर्तन गर्ने माग जेन जी पुस्ताहरुको भएपनि व्यवस्था परिवर्तन गर्ने माग नरहेको जिकिर गरेका छन्।

नेपाल बार एशोसिएशनद्वारा भर्चुअल माध्यमबाट गरिएको बैठकमा बोल्दै कानून व्यवसायीहरुले यस्तो बताएका हुन्।

उनीहरले संसद अहिले पनि चालु नै रहेको र संविधानभित्रबाटै समस्याको समाधान निकाल्नुपर्ने बताए।

संवैधानिक संकटको अवस्थामा निकास दिन कानून व्यवसायीहरुले पहल गर्नुपर्ने बताए। सहमतिको बिन्दु पहिल्याएर अघि बढ्नु नै अहिलेको आवश्यकता भएको जिकिर गरे।

संसदका सदस्यहरुबाट नै जेन जी पुस्ताले रुचाएको व्यक्ति छन् भने त्यो व्यक्तिलाई अघि सारेर जानुपर्ने कानून व्यवसायी अशोक पोखरेलले बताए। उनले बारले संविधान मिचिने काम भए खबरदारी गर्नुपर्ने बताए।

पूर्वकानूनमन्त्री एवं कानून व्यवसायी गोविन्द बन्दीले परिस्थितिको विश्लेषण गरेर मात्रै अघि बढ्न सुझाव दिए। उनले जेन जी मुभमेण्ट किन आयो र यसको रुट कजहरु केके हो भन्नेबारे स्पष्ट हुन जरुरी रहेको बताए।

केही मानिसहरुको कुरा सुन्न नै जेन जी पुस्ता तयार नरहेको देखिएको उनले



बताए। संविधान सुधार गर्ने, संशोधन गर्ने र अहिलेको संविधानबाट नै समाधान खोज्नेतर्फ जानुपर्ने सुझाव दिए।

नेपाल बारले आफ्नो समीक्षा गरेर अघि बढ्न जरुरी रहेको बताए।

प्रतिनिधि सभाको सदस्यलाई मात्रै प्रधानमन्त्री बनाइनुपर्ने, मन्त्रीहरु बाहिरको भएपनि हुने माग आफ्नो रहेको उनले बताए। प्रतिनिधि सभाको सदस्यको संयोजकत्वमा सरकार गठन गर्नुपर्ने बताए। चुनावी सरकार अविलम्व गठन गर्न पनि उनले माग गरे। कानून व्यवसायी सुरेन्द्रकुमार महतोले बारको आधारभूत स्ट्याण्ड संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय शासन प्रणाली नै रहनुपर्ने बताए।

उनले अहिलेको अवस्था विकराल र असामान्य रहेको बताए। अहिलेको संविधानअनुसार सरकार बनाउने भए शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुपर्ने बताए। संविधान अक्षुण्ड रहनुपर्ने उनले बताए।

कानून व्यवसायी लिलामणि श्रेष्ठले संविधानभित्रैबाट विकल्प खोजिनुपर्ने बताए। पूर्वमहान्यायाधिवक्ता एवं वरिष्ठ अधिवक्ता दिनमणि पोखरेलले संविधानभित्रैबाट विकल्प खोज्नुपर्ने बताए। जेन जी पुस्ता नै अन्योलतामा रहेकाले विकल्प र सुझावहरु दिनुपर्ने बताए। कानून व्यवसायी बाबुराजा जोशीले जेन जीको आन्दोलन संविधान विरोधी आन्दोलन नभएको बताए।

संविधानको धारा ७६(३) बाट बन्न नसक्ने भए संसदभित्रैबाट मन्त्रीमण्डल गठन हुनुपर्ने उनले बताए। तीन वटा बेन्च भएपनि शुरु गरेर न्यायपालिकाले आफ्नो काम सुरु गर्नुपर्ने उनले बताए। कानून व्यवसायी ताराकुमार श्रेष्ठले न्यायको प्रक्रिया अघि बढेको प्रत्याभुति दिन जरुरी रहेको बताए। जेन जीको आन्दोलन भ्रष्टाचार र बेथितिको विरुद्धमा रहेको कुरा नेपाल बारले बिर्सिन नहुने उनले बताए।

जेन जीको भावना सम्बोधन हुनेगरी विज्ञप्ती जारी गर्न जरुरी रहेको उनले बताए। कानून व्यवसायी पुरुषोत्तम अधिकारीले आवश्यक परे कानून व्यवसायीहरु सडकमा आउन तयार रहेको सन्देश दिनुपर्ने बताए। कानून व्यवसायी कपिलचन्द्र पोखरेलले नेपाल बारको भूमिका प्रभावकारी देखिनुपर्ने बताए।

जेनजी आन्दोलन

# मृत्यु हुनेको संख्या ३४ पुग्यो एक हजार बढी घाइते



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'जेनजी' आन्दोलनमा परी अहिलेसम्म अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार बढी घाइतेहरूको उपचार भएको जनाएको छ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार ३६८ जनाको उपचार भएको छ। मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जनाएको छ।

निजामती कर्मचारी अस्पतालमा छ, राष्ट्रिय ट्रमा सेन्टरमा आठ, एभरेष्ट अस्पतालमा तीन, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा दुई, फ्रन्टलाइन अस्पतालमा तीन, बी एन्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई र भेरी अस्पतालमा पाँच गरी ३४ जनाको निधन भएको जनाइएको छ।

त्यसैगरी अहिले ३२१ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ। सचिव डा.विकास देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ। उनका अनुसार ९ सय ४९ जना उपचारपश्चात् घर फर्किसकेका छन्।

# हराएको साढे ६ महिनापछि घर फर्किइन बालिका

**रुपन्देही/मस–** रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-४ स्थित दोगहराबाट गत चैत २२ गते सात वर्षीया बालिका बेपत्ता भइन्। स्थानीय नवदुर्गा माध्यमिक विद्यालयमा अध्ययनरत बालिका अटोरिक्सामा बसिरहेकी एक अपरिचित महिलाले बोलाएपछि उनी महिलासँगै गएकी र त्यसपछि बेपत्ता भएकी थिइन्।




त्यसपछि बालिकाको परिवारले खोजतलासका लागि प्रहरी कार्यालयमा निवेदन दियो। तर, तत्काल उनी फेला परिनन्। बालिका फेला नपरेपछि उनको परिवार चिन्तित थियो। ती बालिकालाई 'किन इन्डिया' नामक संस्थाले उद्धार गरेर परिवारसँग पुनर्मिलन गराएपछि अहिले उक्त परिवारमा खुसी छाएको छ।

किन इन्डियाका प्रतिनिधि नवीन जोशीले बालिका हराएको सूचना प्राप्त भएपछि खोजी प्रक्रिया अगाडि बढाइएको बताए।

'नेटवर्क सक्रिय बनायौं, भारतीय एजेन्सी, प्रहरी, दूतावाससँग समन्वय गर्‍यौं। उहाँहरूले सहयोग गर्नुभयो। वडा कार्यालयले आवश्यक कागजात छिटो पठाएपछि कानुनी प्रक्रिया पूरा गरेर प्रहरी कार्यालय र वडा कार्यालयको रोहवरमा बालिकालाई परिवारसँग पुनर्मिलन गराएका छौँ', उनले भने।

बालिका भारतको विहारमा फेला परेकी जोशीले जानकारी दिए।


'नानीले नयाँ जीवन पाएकी छन्। तर, उनलाई भारतसम्म पुर्‍याउने घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ। ती व्यक्तिको खोजी भइरहेको छ', उनले भने।

आफ्ना बालबालिकाको ख्याल गर्न र सचेत हुन उनले अभिभावकलाई आग्रह गरे। किन इन्डियाले हालसम्म हजारौँको उद्धार गरिसकेको उनले जानकारी दिए। विगत लामो समयदेखि महिला तथा बालबालिकाको अधिकारका क्षेत्रमा काम गर्दै आएकी सामाजिक अभियन्ता ज्ञानु पौड्यालले बालिका घर पुग्दा घरपरिवार हर्षित भएको बताइन्। नेपाल-भारत खुल्ला सीमा भएकाले मानव बेचबिखनको जोखिम रहेको उनले बताइन्।

राज्यले यो घटनाको अनुसन्धान गर्नुपर्नेमा उनले जोड दिइन्। उनले यस्ता घटना हुन नदिन जनचेतनामूलक कार्यक्रम र अभिभावक शिक्षा जरुरी रहेको बताइन्।

सिद्धार्थनगर नगरपालिकाका प्रवक्ता एवं वडा नं ४ का वडाध्यक्ष मुक्तिनाथ यादवले किन इन्डियाको अथक प्रयासबाट बेपत्ता बालिका साढे ६ महिनापछि घर फर्किन सफल भएकी बताए।

# प्रहरी एकाइ पुनःस्थापना



**ललितपुर/मस–** 'जेनजी पुस्ता'को आन्दोलनका कारण गरी विस्थापित प्रहरी एकाइ पुनःस्थापना गरिएका छन्। बुधबारदेखि ती कार्यालयहरु सोही स्थानमै पुनःसञ्चालनमा ल्याइएको ललितपुर जिल्ला सुरक्षा समितिले जनाएको छ।

पुनःस्थापना गरिएका प्रहरी कार्यालयमा वृत्त सातदोबाटो, वृत्त चापागाउँ, प्रभाग इमाडोल, प्रभाग लुभु, प्रभाग मंगलबजार, प्रभाग सानेपा, लगनखेल, प्रभाग पुल्चोक, प्रभाग लाकुरीभञ्ज्याङ, प्रभाग हनुमानस्थान र प्रभाग पाटनढोका रहेका छन्।

ललितपुर जिल्ला सुरक्षा समितिले हालको संवेदनशील अवस्थालाई मध्यनजर गर्दै जिल्लावासीलाई सतर्क रहन अनुरोध गरेको छ। सुरक्षा समितिले विशेषगरी टोलमा नयाँ वा अपरिचित व्यक्ति देखिएमा तत्काल नजिकैको सुरक्षा निकायलाई खबर गर्न आग्रह गरेको छ।

# हातहतियारसहित अन्य सामग्री फिर्ता गर्न प्रहरीको आग्रह



**काठमाडौं/मस–** जेनजी गरेको प्रदर्शनका क्रममा प्रहरीसहित अन्य सुरक्षा निकायका हातहतियारलगायत सामग्री फिर्ता गर्न नेपाल प्रहरीले आग्रह गरेको छ।

प्रहरी प्रधान कार्यालयले एक विज्ञप्ति जारी गर्दै यही भदौ २३ देखि २५ गते भएको प्रदर्शनमा सुरक्षा निकायका हतियार, सञ्चार साधन, सवारीसाधन र अन्य भौतिक साधनहरू नियन्त्रणमा लिएको वा कतै फेला पारेमा फिर्ता गर्न आग्रह गरेको हो।

उक्त हातहतियारलगायत अन्य सामग्रीहरू स्थानीय प्रहरी वा सुरक्षा निकायको कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा प्रहरी कन्ट्रोल रुक १०० वा टोल फ्री नं १६६००१४१५१६ वा नेपाल प्रहरी प्रधान कार्यालयको सम्पर्क नं ९८५१२९३४५९ मा सम्पर्क गरी फिर्ता बुझाउन अनुरोध गरिएको छ।

यस्तै, प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएका प्रहरीको पोसाकहरू दुरुपयोग नगर्न हुन र सोसँग सम्बन्धित सूचनाहरू समेत उपलब्ध गराउन सर्वसाधारणहरूलाई अनुरोध गरिएको छ।

# सञ्जय टकलासहित नक्खु कारागारबाट भागेका १८ कैदीबन्दी पक्राउ



**काभ्रेपलाञ्चोक/मस–** नक्खु कारगारबाट भागेका १८ कैदीबन्दीलाई काभ्रेपलाञ्चोकको मंगलटारबाट पक्राउ गरिएको छ। कारागारबाट भागेका पूर्वराज्यमन्त्री सञ्जय टकला (साह)सहित १८ जनालाई भाग्दै गरिरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ।

हाल उनीहरुलाई जिल्ला प्रहरी कार्यालय धुलिखेलमा राखिएको कार्यालयका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरले जानकारी दिए।

उनका अनुसार उनीहरुलाई इलाका प्रहरी कार्यालय मंगलटारको प्रहरी टोलीले विपी राजमार्गअन्तर्गत भाग्दै गरेको अवस्थामा पक्राउ गरेको हो।

टकलाले जनकपुर बम काण्डमा दोषी ठहर, सञ्चार उद्यामीको हत्या र अकुत सम्पत्तिको मुद्दामा सजाय भुक्तान गरिरहेका थिए। पक्राउ गरिएका सबैलाई आजै नक्खु कारगार नै पठाउने तयारी भइरहेको कुँवरले बताए। अन्य कारागारबाट फरार भइ काभ्रेपलाञ्चोक हुँदै भाग्दै गरेकालाई अरनिको र विपी राजमार्गमा विशेष निगरानी गरिरहेको जिल्लास्थित प्रहरीले जनाएको छ।

यसअघि बुधबार सदरमुकाम धुलिखेलस्थित जिल्ला कारागार कैदीबन्दीले आगजनी गरेको थिए। अन्य स्थानका कारगारबाट कैदीबन्दी भागेपछि आफूहरुलाई पनि रिहा गर्नुपर्ने माग राख्दै कारगारभित्र तोडफोड र आगजनी गरेपछि तत्कालै दमकल प्रयोग गरेर कारगारमा भएको आगजनी नियन्त्रणमा लिइएको थियो। २८३ कैदीबन्दी रहेको उक्त कारागारमा आगजनी भएपछि बाहिर ठूलो संख्यामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको जनाइएको छ।

# भोजपुरमा धानखेतीको क्षेत्र घट्यो



**भोजपुर/मस–** भोजपुरमा यस वर्ष धानखेतीको क्षेत्र घटेको छ। गत वर्ष बाह्र हजार १५४ हेक्टर क्षेत्रमा धानखेती भएकामा यस वर्ष ११ हजार पाँच सय हेक्टरमा मात्र धानखेती विस्तार भएको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ।

यस वर्ष समयमा वर्षात नहुनु तथा गाउँघरमा बसाइँसराइको दर बढेको कारण धानखेतीको क्षेत्र घटेको कृषि ज्ञानका सूचना अधिकारी घनश्याम बरालले बताए। यो वर्ष भोजपुरमा करिब ९६ प्रतिशत मात्र रोपाइँ भएको उनले जानकारी दिए।

गत आर्थिक वर्ष भोजपुरमा ३७ हजार ७०० मेट्रिक टन धान उत्पादन भएको थियो। धानखेतीको विस्तारको क्षेत्र घटेकाले यस वर्ष उत्पादनमा पनि कमी आउने सम्भावना रहेको देखिएको छ। जिल्लाका सबै स्थानीय तहमा धान खेती हुने गरेको छ। यहाँका कतिपय बेँसी क्षेत्रमा दुई बाली धान उत्पादन हुने गर्दछ।

# बाढीले रेष्टुरेन्ट पुरियो




**म्याग्दी/मस–** म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा रहेको लेतेखोलामा बिहीबार बिहान आएको बाढीले एक रेष्टुरेन्ट पुरिएको छ। दुईवटा घर, सामुदायिक भवन र मन्दिरमा बाढी पसेर क्षति भएको छ।

प्रेम श्रीसले सञ्चालन गरेका श्रीस होटल बाढीले पूर्ण रूपमा पुरिएको बेनी-४ का वडाअध्यक्ष अणबहादुर खड्काले जानकारी दिए।

उनका अनुसार स्थानीय मनकुमारी कार्की र सोविता कार्कीको घरभित्र बाढी पसेको छ।

तातोपानी कृषि सहकारी संस्था र भगवती मन्दिरभित्र बाढी पसेको छ। बाढीले मंगला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक अवरुद्ध बनाएको खड्काले जानकारी दिए।

घरभित्र रहेका स्थानीय बाढी आउन थालेपछि भागेर ज्यान जोगाएका छन्। अहिले जनप्रतिनिधि, सुरक्षाकर्मी र स्थानीय डोजरको सहायतामा बाढी नियन्त्रणमा जुटेका छन्। बेनी नगरपालिका र पूर्वाधार विकास कार्यालयले दुईवटा डोजर परिचालन गरेका छन्।

स्थानीयवासीले सामुदायिक भवन र मन्दिरभित्र पसेको बाढी पन्छाउन श्रमदान गरेका छन्। एक सय ३० थान ग्याबियन जाली लगाउन थालिएको छ। तटबन्धका लागि बुधबार साँझ त्यहाँ लगेर राखिएको ग्याबियन जाली पनि बाढीले पुरेको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२७ भदौ २०८२ शुक्रबार
12 September 2025 Friday

सम्पादकीय

# सेनाले सुरक्षामा ध्यान देओस्, संवाद राष्ट्रपतिले गरुन्

जेनजी पुस्ताको विद्रोहपछिका तीन दिनसम्म राजधानी काठमाडौंलगायत देशका प्रमुख सहरहरूमा शान्तिसुरक्षाको स्थिति नाजुक छ । भाटभटेनीलगायत व्यापारिक कम्प्लेक्समा लुटपाट चलेकै छ । आन्दोलनकारीका नाममा अराजक समूहले जथाभावी झोँसेका आगो निभिसकेको छैन । यस्तोमा शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिएको नेपाली सेनाले सशस्त्र र नेपाल प्रहरीको साथ लिएर जतिसक्दो छिटो जनजीवन सामान्य बनाउनुपर्ने खाँचो देखिएको छ ।

त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल खुले पनि असुरक्षाको कारण देखाउँदै सार्वजनिक यातायात संचालनमा आउन सकेको छैन । काठमाडौं आएका थुप्रै मानिसहरू यतै थुनिएका छन् । दिनरातको निषेधाज्ञा र कर्फ्यूले जनजीवन अस्तव्यस्त छ । खाद्यान्न, तरकारीलगायत दैनिक उपभोग्यबस्तुको अभाव हुन थालेको छ भने बजारभाउ पनि आकाशिएको छ ।

नेपाली इतिहासमै सबैभन्दा ठूलो ध्वंश यसपटक भएको छ । भ्रष्टाचार, बेथिति र नेपो–बेबीका कारण व्यवस्था बदलिए पनि आमनागरिकको अबस्था फेरिएन भन्ने निशाराको 'भाष्य'बाट उठेको आन्दोलनले नागरिककै मनोबल गिराएको छ । राज्यका प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका संरचना भताभुङ्ग पारिएको छ । एक हिसाबले मुलुक शून्यतामा गएको छ । यस्तोमा नेपाली सेनाको अर्जुनदृष्टि शान्ति सुरक्षामै हुनुपर्छ । अन्तरिम सरकार गठनका लागि प्रधान सेनापति अशोकराज सिग्देलले गरेको पहल र तौरतरीकालाई लिएर सेनाप्रति आशंका पनि उत्पन्न नभएको हैन । तर, ती आशंकालाई असत्य साबित गर्दै नेपाली सेना वर्तमान संविधान, शासन व्यवस्था र नागरिक सरकारकै पक्षमा देखिनेमा आमअपेक्षा छ । सबैभन्दा पहिले सुरक्षा सुव्यवस्था कायम गरी जतिसक्दो छिटो जनजीवन सामान्य बनाउन जरूरी छ । त्यसका लागि आवश्यक परे आमनागरिक, नागरिक समाज, जेनजी समूहहरू र दलहरूकै पनि साथ लिन सकिन्छ । अहिलेको संक्रमणको निकासले मात्र पनि आमनागरिकको मनोबल उठ्न सक्छ ।

जेनजी विद्रोह उत्कर्षमा पुगेपछि अन्तरिम सरकार निर्माणको कसरत चलिरहेको छ । आन्दोलनकारी विभाजित र नेतृत्वविहिन हुँदा स्वार्थ समूहको चलखेल पनि उत्तिकै चलेको छ । आन्दोलनका कारण अघिल्लो केपी ओली सरकार बिस्थापित भएको हो । तर, संविधान, राष्ट्रपति, उपराष्ट्रपति, संसद् र दलहरू बिस्थापित भएका छैनन । यस्तोमा अन्तरिम सरकार गठनको पहल र संवादका लागि सेनाले राष्ट्रपति रामचन्द्र पौडेललाई सघाउनुपर्छ । किनभने, आन्दोलनरत पक्ष र अन्य सरोकारवाला तथा कुनै सरोकार नभएका पात्रहरूलाई समेत प्रधानसेनापति आफैले जङ्गी अड्डा बोलाएर छलफल गरेका दृश्य लोकतान्त्रिक व्यवस्थाका लागि शोभनीय छैनन् । इतिहासको यो कठिन मोडमा राष्ट्रको एक मात्र भरोसाको केन्द्र नेपाली सेना हो । यस्तोमा सेना संविधानले निदृष्ट गरेका संकल्प र जनताले लडेर ल्याएको परिवर्तनबाट बिचलित हुनेछैन, हुनुहुन्न । सारा नेपालीलाई एकतामा बाँधेर अहिलेको संकटबाट शान्तिपूर्ण निकासका लागि पनि राजनीतिक निकासका लागि सबै पक्षसँग वार्ता, संवाद र छलफलको नेतृत्व राष्ट्रपतिले गर्नुपर्छ । संविधानको भावना र मर्मभन्दा बाहिर नगएर यथासक्य छिटो अन्तरिम सरकार गठन गर्नु जरूरी छ ।

# राजनीतिक संकट र निकासको विकल्प

अग्रलेख



● निलम ओझा

जेन जी आन्दोलनले नेपालको संविधान, २०७२ द्वारा स्थापित बहुदलीय संसदीय संघीय गणतन्त्रात्मक शासन व्यवस्थालाई पूर्णतः धराशायी बनाउँदै नेपालको भूगोल, समाज र परिवेशमा प्रभावकारी बन्न सक्ने खालको नवीन अग्रगामी शासन प्रणालीका लागि मार्ग प्रशस्त गरिदिएको छ । विगतमा भएका आन्दोलनका क्रममा पनि देश र जनताको विकास र समृद्धिको सपना बोकेका कयौँ वीर शहीदहरूले हाँसाहाँसी आफ्नो जीवन उत्सर्ग गरेका थिए । तथापि, त्यस्ता आन्दोलनपछि रूपमा केही परिवर्तन देखिए तापनि सारभूत रूपमा उही उस्तै प्रवृत्तिको निरन्तरता कायम रह्यो, वास्तविक इच्छित परिवर्तन हुन सकेन ।

विश्वव्यापीकरणको आजको तीव्र प्रतिस्पर्धात्मक युगमा टेको लगाएर वा टालटुल पारेर काम चलाउँदै जाने हाम्रो परम्परागत संस्कार र मानसिकताका कारण यसअघिका कुनै पनि तथाकथित परिवर्तनले न्यूनतम जनअपेक्षालाई सम्बोधन गर्न असमर्थ भए । परिणाम स्वरूप नेपाल र नेपालीले आर्थिक, सामाजिक, रणनीतिक, कूटनीतिक एवं नैतिक लगायतका सम्पूर्ण क्षेत्रमा समकालीन दुनियाँभन्दा सुदूर पछाडि थन्किन बाध्य हुनुपर्‍यो । विगत दशकौँसम्म अभ्यासमा रहँदा जनताले अपेक्षा गरेअनुसारको न्यूनतम परिणाम दिन नसक्दा आमजनमानसमा निराशाबाहेक केही बाँकी रहेन । जनताद्वारा निर्वाचित भएर गएकाहरूले मुट्ठीभर स्वार्थ समूहको रुचि अनुकूल हचुवाका भरमा बन्द कोठाभित्र बसेर जनभावना र विभिन्न जनआन्दोलनका मर्म विपरीत तयार गरिए । त्यस प्रकारले तयार गरिएका कतिपय प्रचलित संवैधानिक प्रावधानहरू राष्ट्रको विकास र समृद्धिको दृष्टिकोणले प्रत्युत्पादक रहेका हुनाले नै आज नाति पुस्ता पनि उही सुशासन र समृद्धिको माग दोहोर्‍याउँदै सडकमा ओर्लिएर बलिदान दिन बाध्य हुनुपर्‍यो ।

यस परिप्रेक्ष्यमा परिवर्तनका नाममा कुनै पनि बहानामा फेरि त्यस्ता 'झारा टार्ने' प्रकृतिका साथै विकास र समृद्धिलाई भन्दा बढी भ्रष्ट तन्त्रलाई सुदृढ गर्ने प्रकृतिको शासन प्रणाली, वा खरानीमा परिणत भइसकेको त्यही बहुदलीय 'नेता-फ्याक्ट्री'को चिताबाट अस्तु खरानी बटुलेर जोडजाड पारी 'प्रेताकृति' जस्तो संरचना स्थापित गर्ने भूल गर्ने छुट र सुविधा अब हामीसँग छैन । कलिलो जेन जी पुस्ताले पनि यो तीतो यथार्थलाई वस्तुपरक ढंगले बुझेर राष्ट्रलाई गलत बाटोमा डोहोर्‍याउँदै गरेका अभिभावक पुस्तालाई घचघच्याइसकेको छ । नाति पुस्ताको यस ऐतिहासिक योगदानलाई राष्ट्रले उच्च सम्मान गर्दै मुलुक र जनताको सर्वोपरि हितलाई केन्द्रमा राखी नयाँ शासन पद्धतिको निर्माण गरी राज्यको पुनर्संरचना गर्नेतर्फ अग्रसर हुन अपरिहार्य भएको छ ।

स्मरणयोग्य छ, राष्ट्रपति संस्थाबाहेक राजनीतिक एवं संवैधानिक शून्यताको स्थिति उत्पन्न भइसकेको यस सङ्क्रमणकालीन अवस्थालाई कुनै पनि बहानामा थप लम्ब्याइनु थप संकटलाई निमन्त्रणा दिनु जस्तै हुन्छ । यही तथ्यलाई आत्मसात् गर्दै हामी सम्पूर्ण विकास र समृद्धिका पक्षधर नेपाली जनताले एकताबद्ध भई यस संक्रमणकाललाई राष्ट्र निर्माणका हिसाबले एउटा दुर्लभ अवसरका रूपमा बुझेर मुलुकलाई उज्ज्वल भविष्यतर्फ डोर्‍याउन सक्ने सुन्दर मार्गचित्र तयार गर्नुपर्छ । यो संक्रमणकालको प्रभावकारी अवतरण गरी मुलुकको दीर्घकालीन हित हुनेगरी व्यवस्थापनसमेत गर्नका निमित्त यसै आलेखमार्फत निम्नानुसारको संक्षिप्त सल्लाह सुझाव साझा गरिएको छ ।

## संवैधानिक शून्यताबाट निकास

व्यावहारिक रूपमा प्रचलित संविधानबमोजिमको शासन व्यवस्था असफल भइसकेको र राष्ट्रपति संस्था मात्र क्रियाशील रहेको वर्तमान संक्रमणकालीन अवस्थामा स्वतन्त्र, सक्षम र विश्वासिलो व्यक्तिको नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नु पहिलो अनिवार्यता हो । तर, संसद् समेतको व्यावहारिक अस्तित्व समाप्त भइसकेको हुनाले संसदबाट दुई तिहाइ बहुमतले संविधान संशोधन गर्न सक्ने अवस्था रहेन । यसरी संविधानमा भएका प्रावधानमार्फत निकास निस्कन सक्ने अवस्था नरहेको तर तत्काल निकास नदिए समस्या झन् जटिल बन्न सक्ने सम्भावना भएकाले तत्कालका लागि यस प्रकारको 'दुर्लभ' संक्रमणकालीन मार्ग अवलम्बन गर्न अत्यावश्यक भएको छ :

१. सर्वोच्च अदालतका प्रधानन्यायाधीश (सहमत गराउन सके प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्षसमेत) नेपाल सरकारका मुख्य सचिव, रक्षा सचिव, गृह सचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, अनुसन्धान विभागका प्रमुख, मानवअधिकार आयोगका अध्यक्ष, नेपाल बार एसोसिएसनका केन्द्रीय अध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेसनलका अध्यक्ष, काठमाडौं महानगरपालिकाका मेयर र आन्दोलनकर्ता जेन जीका प्रतिनिधिसमेतको सहमति र सिफारिसमा राष्ट्रपतिले निश्चित समय (केही घण्टा)का लागि राजकीय सत्ता आफ्नो हातमा लिएर नेपालको संविधान, २०७२ लाई निलम्बन गर्ने ।
२. उपरोक्तबमोजिमको दोस्रो सिफारिसका आधारमा शक्तिशाली राष्ट्रपतिले उक्त निलम्बित संविधानमा अन्तरिम सरकारले जनमतसंग्रहद्वारा वा अन्य मान्य विधि पद्धति निर्माण गरी यही संविधानमा थप संशोधन गर्न सक्नेसम्मको सङ्क्रमणकालीन प्रावधान, संसद् विघटन र नयाँ सर्वपक्षीय सरकार गठनका लागि आवश्यक पर्ने जति मात्र संशोधन गर्ने !
३. संशोधित संविधान घोषणा गर्ने र लागू गर्ने !
४. उपरोक्तबमोजिमको तेस्रो सिफारिसमा आलंकारिक राष्ट्रपतिको हैसियतमा फर्कने !
५. परिपक्व व्यक्ति (सर्वोत्तम विकल्प व्यक्ति पूर्व प्रधानन्यायाधीश)को नेतृत्वमा संशोधित संविधानबमोजिम शक्तिशाली अन्तरिम सरकार गठन गरेर शपथ खुवाउने । जनमतसंग्रहलगायत तपशीलमा उल्लेखित बाँकी व्यवस्थापनका कामहरू अन्तरिम सरकारले आफ्नो तजबिजले एक वर्ष वा ६ महिनाभित्र गर्ने ।



## अन्तरिम सरकारको गठन

संक्रमणकालको व्यवस्थापन गर्न र नयाँ शासन पद्धतिको खाका कोर्नेगरी संवैधानिक, राजनीतिक एवं कानुनी आधारशिला तयार गर्ने उद्देश्यले गठित सानो आकारको (बढीमा १६ सदस्यीय) सर्वपक्षीय अन्तरिम सरकारमा जेन जीलगायत सकेसम्म सबै क्षेत्रको प्रतिनिधित्व हुनेगरी स्वतन्त्र, सक्षम, पर्याप्त राजनीतिक, संवैधानिक एवं कानुनी सुझबुझ भएका विज्ञहरू, पुराना दलहरूबाट पनि देश प्रेमी तथा निष्कलंकित भनेर चिनिएका विद्वान् राजनीतिज्ञहरू, कूटनीति, अर्थनीति र सञ्चारका ज्ञाता, रक्षा विशेषज्ञसमेतलाई सम्मिलित गराउँदा उपयुक्त हुन्छ ।

## अन्तरिम सरकारको भूमिका के हुने ?

नेपालको संविधान, २०७२ को विशेष सङ्क्रमणकालीन संशोधनमा टेकेर बनेको शक्तिशाली अन्तरिम सरकारले देहायको भूमिका निर्वाह गर्नेछ :

१. संशोधित संविधानअनुसार नेपाली सेना, निजामती कर्मचारीलगायत सुरक्षा निकायलाई साथ लिई शान्ति सुरक्षा बनाई राख्ने ।
२. जेन जीको आन्दोलन र त्यसपछि सिर्जित सङ्क्रमणकालीन अस्तव्यस्तताको नाजायज फाइदा उठाउँदै गरिएका अवाञ्छित गतिविधि र त्यस्ता गतिविधिबाट भएको क्षतिसमेतको छानबिन गरी कानुनको दायरामा ल्याउन स्वतन्त्र र निष्पक्ष व्यक्तिहरू सम्मिलित एउटा राष्ट्रिय स्तरको अधिकार सम्पन्न आयोग गठन गर्नेछ ।
३. नेपालको संविधान, २०७२ मा भएका निम्न विवादित प्रावधानहरूलाई जनमतसंग्रहका लागि २१औं शताब्दीका सचेत र उचित निर्णय गर्न सक्षम नेपाली जनता सामु निम्नानुसार प्रस्तुत गर्ने :

### (क) संघीयता वा बलियो स्थानीय तहसहितको केन्द्रीयता ?

संघीयताको संरचनाको अनिवार्य अंगका रूपमा प्रदेश सरकार अनिवार्य हुन्छ । केन्द्रीय शासकीय प्रणालीमा प्रादेशिक संरचना रहन्न तर बलियो स्थानीय निकाय कायम रहन सक्छ । साथै, संघीयता बढी खर्चिलो भएको, बिचको सरकार भनिने प्रदेशले राज्य कोषमा भार मात्र थपेको भन्ने आलोचना भइरहेको सन्दर्भमा संघीयता कि एकात्मक केन्द्रीयता भनेर रोज्ने जिम्मा जनतालाई नै दिनु उपयुक्त हुनेछ ।

### (ख) धर्मनिरपेक्षता वा धार्मिक सहिष्णुतासहितको हिन्दु राष्ट्र ?

वर्तमान संविधानबमोजिमको धर्मनिरपेक्षतामा प्रचलनमा रहेका सबै धर्म र धर्मावलम्बीहरूलाई स्वतन्त्र अभ्यास गर्ने हक सुरक्षित हुन्छ । उता, यसअघि ८० प्रतिशतभन्दा बढी हिन्दु धर्मावलम्बी रहेको विश्वको एक मात्र 'हिन्दु राष्ट्र' नेपाललाई धार्मिक सहिष्णुतासहितको हिन्दु राष्ट्र कायम राखिनुपर्ने कतिपयको माग छ । यस विषयमा निर्णयको अधिकार पनि जनतालाई नै दिइनु उचित हुनेछ । जनमतसंग्रहबाट आएको निर्णय नै सर्वोपरि हुनेछ ।

### (ग) गणतन्त्र वा राजतन्त्र ?

गणतन्त्रमा जननिर्वाचित व्यक्ति आवधिक रूपमा राष्ट्र प्रमुख बन्न सक्ने अवस्था हुन्छ । राजतन्त्रमा राष्ट्र प्रमुखका रूपमा राजा र निजका वंशको निरन्तरता रहन्छ । संवैधानिक राजतन्त्रमा राजा सीमित अधिकारसहित आलंकारिक हैसियतमा रहन्छन् भने राजाले प्रत्यक्ष शासन सञ्चालन गर्ने व्यवस्था सक्रिय राजतन्त्र हो । अधिक जनताले के चाहन्छन्, संवैधानिक आलंकारिक राजतन्त्र वा सक्रिय/निरंकुश राजतन्त्र ? यसको छिनोफानो पनि जनताबाटै हुनु उपयुक्त हुनेछ ।

यदि गणतन्त्र भएमा, कार्यकारी राष्ट्रपतीय पद्धतिमा राष्ट्रपति शक्तिशाली हुन्छ । वर्तमान संविधानमा कार्यकारी प्रधानमन्त्री रहने प्रावधान छ अर्थात् यस पद्धतिमा राष्ट्रपति आलंकारिक हैसियतमा रहन्छन् । सँगसँगै, राष्ट्रपति वा प्रधानमन्त्री जो कार्यकारी भए पनि ती प्रत्यक्ष निर्वाचित हुने कि अप्रत्यक्ष वा निर्वाचित सांसदद्वारा निर्वाचित हुने भनेर रोज्ने अधिकार पनि जनतालाई नै दिनु उचित हुनेछ ।

> *व्यावहारिक रूपमा प्रचलित संविधानबमोजिमको शासन व्यवस्था असफल भइसकेको र राष्ट्रपति संस्था मात्र क्रियाशील रहेको वर्तमान संक्रमणकालीन अवस्थामा स्वतन्त्र, सक्षम र विश्वासिलो व्यक्तिको नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नु पहिलो अनिवार्यता हो । तर, संसद् समेतको व्यावहारिक अस्तित्व समाप्त भइसकेको हुनाले संसदबाट दुई तिहाइ बहुमतले संविधान संशोधन गर्न सक्ने अवस्था रहेन ।*

### (घ) बहुदलीय व्यवस्था वा दुई दलीय व्यवस्था ?

बहुदलीय व्यवस्थामा कानुनी प्रक्रिया पूरा गरे जति संख्यामा पनि दलहरू रहन खोल्न सक्ने प्रावधान हुन्छ । वर्तमान संविधानमा बहुदलीय व्यवस्था अंगिकार गरिएको छ । तर, दुई दलीय व्यवस्थामा मुख्य दुई वटा दलहरू रहन्छन् । यसरी दुई वटा मात्र दल हुँदा सरकारको स्थायित्व बन्न सक्ने र विकासका लागि स्पष्ट प्रतिस्पर्धा हुने वातावरण बन्ने भएकाले यो व्यवस्था मुलुकको हितमा हुन्छ भन्ने मत पनि एकथरीको छ । यश विषयलाई पनि जनमतसंग्रहबाटै निर्णय गरिनु उत्तम हुन्छ ।

### (ङ) प्रत्यक्ष वा मिश्रित निर्वाचन प्रणाली ?

उम्मेदवार बनेको व्यक्तिलाई जनताले प्रत्यक्ष मतदान गरेर निर्वाचित गरेर पठाउने निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचन प्रणाली हो । उता, जनताले दललाई भोट हाल्ने र दलले प्राप्त गरेको लोकप्रिय मतका आधारमा सम्बन्धित दल स्वयंले आफ्नो तजबिजले खडा गरिएका उम्मेदवारलाई विजयी गराउने निर्वाचन प्रणाली हो समानुपातिक । अहिले नेपालमा प्रत्यक्ष र समानुपातिक दुवै अर्थात् मिश्रित प्रणाली प्रचलनमा छ । समानुपातिक प्रणाली बोझिलो भएको, खर्चिलो भएको र धेरै जनप्रतिनिधिको उपस्थितिले संसद् अस्थिर र अराजक बन्ने गरेको गुनासो रहेकाले यस विषयमा पनि जनमतसंग्रह आवश्यक देखिन्छ ।

## निर्वाचन र अन्तरिम सरकारको बहिर्गमन

यसरी स्वतन्त्र जनमतसंग्रहबाट प्राप्त परिणामसमेतका आधारमा नेपालको संविधानको आवश्यक संशोधन गरी संशोधित संविधानबमोजिम प्रक्रिया पुर्‍याई राजनीतिक दलका रूपमा दर्ता हुन सार्वजनिक आह्वान गरी दल दर्ता भएपश्चात् स्वतन्त्र निर्वाचन गराई निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गरेर सर्वपक्षीय अन्तरिम सरकारले बाहिरिनुपर्नेछ । अस्ति समयसँग काँधमा काँध मिलाएर चल्न हामीले अबेर गर्‍यौं- फलतः तुलनात्मक रूपमा निकै पछि पर्‍यौं । नेपाल आमाका कलिला सन्तानको यस ऐतिहासिक बलिदानले हामीलाई फेरि एक पटक मुलुकको मुहार हँसाउने गरी कर्म गर्न घचघच्याएको छ । देशको भलाइमा जनताको भलाइ निहित हुन्छ । यसर्थ, हाम्रा क्षणिक व्यक्तिगत लाभ-हानि, कुण्ठा-आदर्श, लालच-इर्ष्या र दुःख-सुखका संवेगात्मक अनुभूतिबाट माथि उठेर वास्तविक परिवर्तनलाई आत्मसात् गरौँ- ज्ञात, अज्ञात सम्पूर्ण शहीदहरूको सपनालाई साकार पार्न एकताबद्ध होऔँ ।

## सामाजिक सञ्जाल



उत्तम बाबु श्रेष्ठ

यो राज्य संयन्त्र कति खोक्रो र निकम्मा रहेछ भन्ने देखेर अचम्म लाग्दै छ । हिजोको त स्वदेशी घटना हो, विदेशी यस्तै आक्रमण हुँदा हामी के गर्थ्यौं होला ? केही पनि तयारी नभएको ? कुनै रणनीति/प्रतिरणनीति, योजना/प्रतियोजना नभएको ? यस्तो होस्लाङे पनि हुन्छ ?



रञ्जित तामाङ

बालेन साह मेयर संविधानअनुसार बनेको हो । संविधानअनुसार बनेको संसद् विगघन हुनुपर्छ भन्छन् भने बालेनले संविधानअनुसार बनेको आफ्नो मेयर पद त्याग्ने हिम्मत गरून् । होइन भने, 'आफ्नो पद रहिरहोस् अर्काको चाहिँ जानुपर्छ' भन्नु 'हरिबहादुरको कुन पैसा ?' भन्ने लेभलको कुरा हो ।



डम्बर खतिवडा

नेपाली कांग्रेसका महामन्त्रीद्वयले प्रधानमन्त्री ओलीले अत्यधिक दमन र पद त्याग गर्न ढिलो गर्दा धेरै क्षति भएको ठिकै विश्लेषण गरेछन् । यो बिर्सेछन् कि कांग्रेसले २३ गते सरकारलाई दिएको समर्थन फिर्ता, वार्ताको आह्वान र वैकल्पिक सरकारको प्रतिबद्धता गरेको भए स्थिति फरक हुन सक्थ्यो ।



गोविन्दराज पोखरेल

निर्वाचित हुनु लोकतन्त्रमा वैधानिक प्रतिनिधि हो, निर्वाचित भएका छैनन्, तर अन्तरिम प्रधानमन्त्री खान तछाडमछाड ! सर्वोच्च नेता गणेशमानले प्रम पद चाहिँदैन भनेर कृष्ण प्रसादलाई सिफारिस गरेका थिए । २०५९ मा माधव नेपालले संवैधानिक राजा समक्ष 'प्रम हुन पाउँ' भन्दै निवेदन दिएका थिए तर अहिले...

# युवाको नेतृत्व किन ?

विचार



● खगेन्द्र पौडेल

> *युवा नेतृत्वले समाजमा विश्वास जगाउन सक्छ । जब कुनै समुदाय वा संस्था युवा नेतृत्वतर्फ आकर्षित हुन्छ, त्यो समुदायले भविष्यप्रति आशा राख्न थाल्छ । किनभने युवा नेतृत्व परिवर्तनको प्रतीक हो- उनीहरू नयाँ कुरा ल्याउँछन्, संवाद गर्छन्, लचिलो हुन्छन् र जोखिम लिन तयार हुन्छन्...*

नेतृत्व कुनै पनि समाज, संस्था वा राष्ट्रको विकासको मेरुदण्ड हो । नेतृत्वले दिशा मात्र देखाउँदैन, उसले साथ पनि दिन्छ र परिवर्तनको खाका तयार गर्छ । इतिहासले देखाएको छ, जब नेतृत्व प्रभावकारी र समयानुकूल हुन्छ, समाजमा क्रान्तिकारी परिवर्तन सम्भव हुन्छ । आजको सन्दर्भमा, जब विश्व तीव्र गतिमा परिवर्तन भइरहेको छ, नेतृत्वको ढाँचा पनि परिवर्तन हुनु अपरिहार्य छ । यस्तो परिवर्तनशील समयमा युवाको भूमिका अत्यन्तै महत्वपूर्ण बन्न पुगेको छ ।

युवा शक्तिमा असीम सम्भावना लुकेको हुन्छ । उनीहरूमा जोस, ऊर्जा, सृजनशीलता र परिवर्तनको भावना बलियो हुन्छ । समाजका यथास्थितिवादी ढाँचालाई तोडेर नयाँ सोच र नवीन दृष्टिकोण ल्याउने सामर्थ्य युवामा हुन्छ । नेतृत्वको क्षेत्रमा पनि यिनै विशेषता आवश्यक हुन्छन् । त्यसैले आजको युगमा नेतृत्वमा युवाको उपस्थिति मात्र चाहिँदैन, त्यो अनिवार्य छ ।

नेतृत्व भन्ने बित्तिकै धेरैले राजनीतिक नेतृत्वको मात्र कुरा गर्छन् । तर नेतृत्व विभिन्न तह र क्षेत्रका लागि आवश्यक हुन्छ- शैक्षिक, सामाजिक, आर्थिक, प्रविधि, वातावरणीय, सांस्कृतिक सबै क्षेत्रमा नेतृत्वको आवश्यकता उत्तिकै छ । यी सबै क्षेत्रमा युवा नेतृत्वले नवीन दृष्टिकोण ल्याउन सक्छ, जसले दीर्घकालीन र समावेशी समाधानहरू प्रदान गर्न सक्छ ।

युवामा नेतृत्व क्षमताको विकास गरिनु आवश्यक छ, किनभने नेतृत्व जन्मसिद्ध गुण मात्र होइन, सिकिने प्रक्रिया पनि हो । विद्यालय, विश्वविद्यालय, सामाजिक संस्था वा अनौपचारिक समूहहरू मार्फत युवा नेतृत्वको विकास सम्भव छ । जब युवालाई जिम्मेवारी दिइन्छ, उनीहरूले नेतृत्व गर्ने क्षमता विकास गर्छन् । समाजले उनीहरूको विचारलाई सम्मान र स्वीकार्यता दिनुपर्छ, ताकि उनीहरू स्वतन्त्र रूपले सोच्न, निर्णय गर्न र कार्यान्वयन गर्न प्रेरित हुन सकुन् ।

नेपालको सन्दर्भमा हेर्दा, युवा जनसंख्या देशको ठूलो हिस्सा हो । तथापि, निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सीमित देखिन्छ । परम्परागत सोच, अनुभवको नाममा गरिएको बहिष्कार र संरचनात्मक बाधाहरूले गर्दा युवा नेतृत्वको विकासमा अवरोध आएको छ । यस्तो अवस्थामा युवाले मात्र होइन, सम्पूर्ण समाजले सोच बदल्न आवश्यक छ । अनुभवी पुस्ताले युवालाई प्रतिस्पर्धी होइन, सहयात्रीका रूपमा लिन सक्नुपर्छ । तब मात्र पुस्तान्तरण सन्तुलित हुन्छ र नेतृत्व निरन्तरता पाउँछ ।

युवा नेतृत्वले केवल परम्परा तोड्दैन, उसले नयाँ दिशा पनि दिन सक्छ । आजको डिजिटल युगमा युवाहरू प्रविधिमा दक्ष छन्, उनीहरू वैश्विक सोच राख्छन् र स्थानीय समस्यालाई पनि अन्तर्राष्ट्रिय सन्दर्भमा बुझ्न सक्षम छन् । यस्तो क्षमता भएको नेतृत्वले नीति निर्माणदेखि कार्यान्वयनसम्म परिवर्तन ल्याउन सक्छ । विशेषतः जलवायु परिवर्तन, लैङ्गिक समानता, समावेशिता, नवप्रवर्तन जस्ता मुद्दाहरूमा युवा नेतृत्व अत्यन्तै प्रभावकारी हुन सक्छ ।

नेतृत्वमा युवा हुनुको अर्को महत्वपूर्ण पक्ष हो नैतिकता र पारदर्शिता । धेरैजसो युवा भ्रष्ट संरचनाबाट आजित छन्, उनीहरू परिवर्तन चाहन्छन् र त्यसका लागि उनीहरू तयार छन् । जब नेतृत्वमा नैतिकता र जबाफदेहिता आउँछ, जनता र नेतृत्वबिचको दूरी घट्छ । युवाले यो दूरी घटाउन सक्छन्, किनभने उनीहरू जनताबिचकै हिस्सा हुन् र उनीहरू जनताको आवाजलाई सिधा प्रतिनिधित्व गर्न सक्षम छन् ।

युवाको नेतृत्व क्षमता विकासमा शिक्षा प्रणालीको भूमिका पनि उल्लेखनीय हुन्छ । पाठ्यक्रमले नेतृत्व सीप, आलोचनात्मक सोच, समस्या समाधान गर्ने क्षमता र समावेशी दृष्टिकोण विकास गर्न सहयोग पुर्‍याउनुपर्छ । त्यस्तै, राजनीतिक दलहरू, समाजसेवी संस्था, निजी क्षेत्र र राज्यका नीतिहरूले युवालाई निर्णय प्रक्रियामा समेट्न विशेष पहल गर्नुपर्छ । उदाहरणका लागि, युवा नीति बनाउँदा वा बजेट निर्माण प्रक्रियामा युवाको प्रतिनिधित्व सुनिश्चित गर्नु, स्थानीय तहमा युवा परिषद्हरूको प्रभावकारिता बढाउनु आदि ।

युवा नेतृत्वले समाजमा विश्वास जगाउन सक्छ । जब कुनै समुदाय वा संस्था युवा नेतृत्वतर्फ आकर्षित हुन्छ, त्यो समुदायले भविष्यप्रति आशा राख्न थाल्छ । किनभने युवा नेतृत्व परिवर्तनको प्रतीक हो- उनीहरू नयाँ कुरा ल्याउँछन्, संवाद गर्छन्, लचिलो हुन्छन् र जोखिम लिन तयार हुन्छन् । यस्तो नेतृत्वले समाजलाई गतिशील बनाउँछ । तर, यो पनि सम्झनु आवश्यक छ कि केवल युवा हुनु नेतृत्वको पर्याप्त शर्त होइन । नेतृत्वमा दृढता, दूरदृष्टि, सहनशीलता, निरन्तर प्रयास र समर्पण आवश्यक हुन्छ । युवा नेतृत्वले सफल हुन, उसले सिक्न तयार हुनुपर्छ, आलोचना ग्रहण गर्न सक्नुपर्छ र निरन्तर आत्ममूल्यांकनमा रहनुपर्छ । समाजले युवालाई अवसर दिँदा, युवाले पनि त्यसलाई जिम्मेवारीपूर्वक लिनुपर्छ ।

नेतृत्वमा युवाको चाहना मात्र होइन, आवश्यकता हो । जब युवालाई अवसर दिइन्छ, उनीहरू भविष्य निर्माण गर्छन् । उनीहरूले मात्र वर्तमानको समस्यालाई बुझेर समाधान दिन सक्ने होइन, उनीहरूले नै भविष्यका चुनौतीहरूको पूर्व तयारी गर्न सक्ने सामर्थ्य राख्छन् । त्यसैले नेतृत्वमा युवा चाहिन्छ, आजको लागि होइन मात्र, भोलिको सुनिश्चित भविष्यको लागि ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# संवैधानिक रूपमा निकास खोज्न महासंघको आग्रह

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले तत्कालको संक्रमणकालीन अवस्थाको अन्त्य गर्दै शान्तिपूर्ण रूपमा विद्यमान समस्या समाधान गर्न राष्ट्रपतिलाई संवैधानिक र राजनीतिक रूपमा निकासका लागि पहल गर्न आग्रह गरेको छ । महासंघका अध्यक्ष निर्मला शर्माले एक विज्ञप्ति जारी गर्दै मूलतः वर्तमान संविधानले निर्धारण गरेको प्रक्रिया र संस्थाहरूमार्फत समाधान खोज्दै मुलुकलाई सहज निकास दिनुपर्ने माग गरेकी हुन् ।




मुलुकको निकास गर्ने क्रममा राष्ट्रपतिले वार्ताका लागि जेनजी प्रतिनिधिलाई आह्वान गरिसकेको अवस्थामा सुरक्षा निकायले सहजीकरण गरी यथाशीघ्र अन्तरिक सरकार बनाउने कार्यको पहल राष्ट्रपतिबाट हुनुपर्नेमा महासंघले जोड दिएको छ ।

यस प्रक्रियाका लागि सहजीकरण गर्न पत्रकार महासंघलगायत छ वटा पेसागत सञ्जाल पापड तयार रहेको जनाइएको छ । 'सबै राजनीतिक समस्या समाधानको प्रयास राष्ट्रपति कार्यालयबाट हुनुपर्छ, जङ्गी अड्डाबाट होइन भन्ने महासंघको ठहर छ । पछिल्लो समय शान्तिसुरक्षा कायम गर्न सेनाले खेलेको भूमिका सराहनीय छ', महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

जेनजी पुस्ताले उठाएको संरचनात्मक सुधारका मागलाई समेट्दै लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्दै थप उपलब्धि हासिल गर्न जरुरी रहेको उल्लेख गर्दै महासंघले संयम र संवेदनशील भएर इतिहासको यो कठिन र निर्णायक मोडमा जिम्मेवार बन्न सबै सरोकार भएका पक्षलाई हार्दिक अपिल गरेको छ ।

महासंघ लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि निरन्तर वकालत गर्दै आएको भन्दै अहिले सरकारले राजीनामा दिएको र अर्को सरकार बनिनसकेकाले मुलुक संक्रमणकालीन अवस्थामा रहेको अवस्थामा शीघ्र मुलुकको निकास खेज्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । महासंघले भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर भएको युवा पुस्ताको प्रदर्शनका क्रममा निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ । जनतालाई सुसूचित गर्न र शान्ति र लोकतन्त्रका लागि सधैँ क्रियाशील रहने पत्रकारहरू र सञ्चारमाध्यमलाई प्रदर्शनकारीले निशाना बनाइएको दुःखद् भएको अध्यक्ष शर्माद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

## जेनजी आन्दोलन

# खण्डहर बने मधेशका कार्यालय, बजार अझै सुनसान

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २६ भदौ

जेनजी आन्दोलनको क्रममा भएका आगजनी तथा तोडफोडपछि मधेश प्रदेशका सरकारी कार्यालय खण्डहरमा परिणत भएको छ । आन्दोलनको क्रममा भएको आगजनीपछि जनकपुरमा रहेका मधेश प्रदेश सभा तथा जनकपुर चुरोट कारखानाभित्र रहेका विभिन्न मन्त्रालय तथा विभागहरू खण्डहरमा परिणत भएको हो ।



सोसँगै जिल्लाहरूमा रहेका कार्यालयहरू समेत खण्डहर भएको छ । गत सोमबारदेखि सुरु भएको आन्दोलनको पहिलो दिन सामान्य प्रदर्शनहरू भए पनि दोस्रो दिनको उग्र र हिंस्रक प्रदर्शन र आगजनीले सार्वजनिक तथा नेताहरूको निजी घर खण्डहरमा परिणत भएको हो ।

जनकपुरमा रहेको मुख्यमन्त्री कार्यालय लगायातका मन्त्रालयहरु, जसहित राजविराजदेखि पर्सासम्म रहेका अधिकांश संघीय तथा प्रादेशिक कार्यालयहरु खण्डहर बनेको छ। खासगरी सदरमुकाम र महेन्द्रराजमार्गमा रहेका कार्यालयहरू आन्दोलनकारीको निसानामा परेको हो ।

रौतहटको चन्द्रनिगाहपुरमा रहेका प्रायः सबै कार्यालयहरु खण्डहर र कुरूप देखिएको छ । चन्द्रपुरमा रहेको चन्द्रपुर नगरपालिका कार्यालय, डिभिजन वन कार्यालय, ईलाका प्रहरी कार्यालय, ईलाका प्रशासन कार्यालय चन्द्रपुर, ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर लगायतका कार्यालयहरू आगजनीले कुरूप देखिएको छ। आन्दोलनकारीहरूले सोही दिन कयौं निजी तथा व्यवसायिक घरहरूमा आगो लगाइदिएका थिए ।

### संविधान रक्षाको माग गर्दै प्रदर्शन

रौतहटको चन्द्रनिगाहपुरमा नेपालको संविधान २०७२ को रक्षा र लोकतन्त्रको संरक्षणका लागि विरोध प्रदर्शन भएको छ । प्रदर्शनकारीहरूले संविधानमाथि खतरा, विदेशी हस्तक्षेपको वृद्धि र देशलाई सैनिकीकरणतर्फ धकेल्ने प्रयास भएको भन्दै चन्द्रनिगाहपुरमा साझा विरोध प्रदर्शन गरेका हुन् ।

नेपाली कांग्रेससँग निकट व्यक्तिहरूको नेतृत्वमा भएको यो प्रदर्शनमा संविधानको रक्षा, राष्ट्रपतिको सक्रियता, भ्रष्टाचार र बेथितिको अन्त्य, साथै लोकतन्त्रको पुनर्बहालीको माग राखिएको थियो। नेपाली कांग्रेसका नेता मुकेश रंजनले प्रदर्शनमा यी मागहरू प्रमुख रूपमा उठाइएको बताए ।

प्रदर्शनलाई सम्बोधन गर्दै नेपाली कांग्रेस क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति राम स्नेही यादवले वर्तमान संविधानभित्रै समस्याहरूको समाधान खोज्नुपर्नेमा जोड दिए । उनले विदेशी हस्तक्षेप र सैन्य गतिविधिहरू लोकतन्त्रका लागि हानिकारक भएको बताउँदै नेपाली कांग्रेसले लोकतन्त्रसँग कुनै सम्झौता नगर्ने अडान राखे। साथै, उनले भ्रष्टाचार र बेथितिको अन्त्य गरी देशको अवस्थामा सुधार ल्याउन आवश्यक रहेको उल्लेख गरे । उनले संविधान र व्यवस्थामाथि कुनै आँच आए त्यो सह्य नहुने चेतावनी दिए ।

# सडक भासिएको दुई वर्षपछि स्तरोन्नति



**कैलाली/मस-** सुदूरपश्चिम प्रदेशका सात पहाडी जिल्ला जोड्ने भीमदत्त राजमार्गअन्तर्गत गोदावरी-खानीडाँडा सडकखण्ड दुई वर्षपछि स्तरोन्नति गरिएको छ ।

वर्षाका कारण पहिरोले क्षतिग्रस्त कैलालीको गोदावरी नगरपालिका-४ बुढीतोला क्षेत्रको सडकखण्ड मर्मत गरिएको सडक डिभिजन कार्यालय महेन्द्रनगरले जनाएको छ । कार्यालयका सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार यादवले पहिरो गएको एक महिनाभित्र दुईतर्फी यातायात सञ्चालनमा ल्याइए पनि दिगो समाधानका लागि विस्तृत अध्ययन गरी निर्माण गर्दा दुई वर्ष लागेको बताए ।

मर्मतसँगै पर्खाल लगाएर बाटो फराकिलो बनाइएको छ । सडक मर्मतपछि सहज रूपमा दुईतर्फी सवारीसाधन सञ्चालन हुन थालेको छ ।

विसं २०८० साउन २३ मा अविरल वर्षापछि पहिरोले उक्त सडक खण्डअन्तर्गत बुढीतोला क्षेत्रमा करिब पाँच सय ७० मिटर सडक भाँसिनुका साथै माथिबाट पहिरो खसेको थियो ।

पहिरोले एक सातासम्मसुदूरपश्चिमका डडेल्धुरा, बैतडी, बझाङ, डोटी, अछाम, बाजुरा र दार्चुला गरी सात पहाडी जिल्लाको सम्पर्क टुटेको थियो ।

इन्जिनियर यादवका अनुसार जमिनमुनिको पानीका कारण ठूलो भू-भाग नै भाँसिएकाले तत्कालै परामर्श सेवामार्फत आवश्यक अनुसन्धान गरी त्यसको निष्कर्ष र सुझावका आधारमा मर्मत सुरु भएको थियो । पहिलो चरणको मर्मतका लागि गत वैशाख २७ गते 'जिएसआई हटैराज जेभी' कम्पनीसँग छ करोड ४७ लाखमा ठेक्का सम्झौता भएको थियो ।

'पहिरो नियन्त्रणका लागि भूमिगत पानी व्यवस्थापन गर्न पाँच वटा इनार निर्माण गरिएका छन् । उक्त पानी सङ्कलन गरी सुरक्षित रूपमा निकास दिइ जमिन स्थिर राख्ने काम भएको छ' उनले भने, 'इनार बनाउने, 'सब-सर्फेस ड्रेनेज'को काम गर्ने, सडक काटेर फराकिलो बनाउने र बायो-इन्जिनियरिङ (वनस्पतिको प्रयोगबाट जमिनलाई स्थिर बनाउने) को काम सम्पन्न भइसकेको छ ।'

सडक भाँसिएको ठाउँमा १० मिटरसम्म अग्लो 'मेकानिकल' पर्खाल लगाएर सडकलाई बलियो बनाइएको छ । अब सडक स्थिर भएपछि एक वर्षपछि जमिनको अवस्था हेरेर मात्र कालोपत्रका लागि छुट्टै ठेक्का लगाएर काम गरिने कार्यालयले जनाएको छ ।

# भागेका कैदीलाई फर्किन प्रशासनको आग्रह




**विनोद निगम/मध्यान्ह**
परासी, २६ भदौ

जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)ले भागेका कैदीहरुलाई फर्किन अपिल गरेको छ । नवलपरासी जिल्ला कारागारमा भदौ २५ गते आगजनी र तोडफोड गर्दै अराजक स्थिति सिर्जना गरेर बाहिर निस्किएका कैदीबन्दीहरूलाई तुरुन्तै कारागार फर्किन जिल्ला प्रशासन कार्यालयले अपिल गरेको हो ।

जिल्ला सुरक्षा समिति नवलपरासी पश्चिमको भदौ २६ गते बसेको बैठकको निर्णयअनुसार जारी सूचनामा भनिएको छ, 'कारागारबाट बाहिर निस्केका कैदीबन्दीहरू यथाशीघ्र कारागार फर्किनुहोला, अन्यथा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ ।'

प्रमुख जिल्ला अधिकारी हिसलाल रेग्मीले सुरक्षा अवस्था नियन्त्रणमा लिन पहल भइरहेको र फरार कैदीबन्दीहरूलाई फर्काउने प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन् ।

# त्रिभुवन विश्वविद्यालयको पठनपाठन छठपर्वपछि मात्रै

**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयको पठनपाठन आगामी कात्तिक ११ गतेपछि मात्रै सुरु हुने भएको छ ।



त्रिविले सूचना जारी गरी असामान्य परिस्थितिका कारण तत्काल पठनपाठन सुरु गर्न समस्या भएको जनाउँदै अब छठपर्वपछि मात्र पठनपाठन हुने जनाएको हो ।

सूचनामा भनिएको छ,'मुलुकभर विद्यमान असामान्य परिस्थितिका कारण आगामी हिउँदे बिदाबाट कटौती गर्ने गरी त्रिभुवन विश्वविद्यालयको सम्पूर्ण पठनपाठन कार्य बन्द गर्ने निर्णय गरिएको छ ।'

जनकपुरका विद्यालय तथा कलेजहरू लागि बन्द

जनकपुरधाम नगर क्षेत्रका सम्पूर्ण विद्यालय तथा क्याम्पस अनिश्चितकालका लागि बन्द गरिएका छन् ।

निजी विद्यालयहरूको छाता सङ्गठन प्याब्सन जनकपुरधाम र नेशनल प्याब्सन जनकपुरधामले आज संयुक्त रूपमा विज्ञप्ति जारी गरी 'जेनजी' आन्दोलनपछि उत्पन्न परिस्थिति र सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै अर्को सूचना नआएसम्मका लागि पठनपाठन बन्द गरेको जनाएका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'आन्दोलनका क्रममा सहादत प्राप्त गरेका विद्यार्थीप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । हालको असुरक्षित अवस्थालाई मध्यनजर गर्दै विद्यालय तथा क्याम्पसमा अर्को सूचना जारी नभएसम्मका लागि पठनपाठन स्थगित गरिएको जानकारी गराउन चाहन्छौं ।'

नेशनल प्याब्सनका अध्यक्ष दीपककुमार ठाकुर र प्याब्सनका अध्यक्ष रवीन्द्रकुमार चौधरीले संयुक्तरूपमा हस्ताक्षरित विज्ञप्तिमा सडकमा उत्पन्न असुरक्षित वातावरणका कारण विद्यार्थी र अभिभावक त्रासमा रहेकाले यस्तो निर्णय गर्नुपरेको उल्लेख छ ।

यस्तै, शान्ति, स्थायित्व र वार्तामार्फत समस्या समाधान गर्न सबै पक्षसँग अपिल गर्दै अवस्था सामान्य भएमा चाँडै पठनपाठन सुरु गरिने जनाइएको छ ।

# बासस्थान खलबलिँदा चराको संख्या घट्ने चिन्ता

**दाङ/मस-** पछिल्लो समय यहाँ बासस्थान खलबलिँदा चराको संख्या घट्दै गएको छ । यहाँ कतिपय चराको संख्या न्यून भइरहेको छ भने केही चरा लोपोन्मुख अवस्थामा पुगेका छन् । घोराही उपमहानगरपालिका-९ निवासी ७२ वर्षीया पार्वता शर्मा चराको संख्या कम हुँदै गएको बताइन् ।



'पहिले गाउँमा (खर) फुसका छाना हुन्थे, चराले त्यसैमा गुड बनाएर बचेरा कोरल्ने र हुर्काउने गर्थे । बिहान मिर्मिरेमा चराको चिरबिर आवाज गुन्जिँदा छुट्टै आनन्द हुन्थ्यो । कहिलेकाहीँ चराको आवाजले बिहानीको निद्रा खुल्ने गर्थ्यो ।'

उनलाई अझै सम्झना छ, केही समयअघि आँगनभरी थरीथरीका चारा आउँथे । मंसिरमा आगनमा धान ल्याएपछि चराहरू झन थपिँदै जान्थे । पछिल्लो समय चराको चिरबिर कम भएको शर्माले बताइन् । चराको बासस्थान खलबलिएकाले अचेल त्यस्तो आवाज खासै नसुनिने गरेको उनको भनाइ छ ।

घोराही उपमहानगरपालिका-६ का ६५ वर्षीय वीरबहादुर चौधरीले चराको बासस्थान घट्दै गएका कारण संख्या पनि कम हुँदै गएको बताए ।

उनले भने, 'भँगेराको चिरबिर र कोइलीको कुहुकुहु आवाज हराउँदै गएको छ। पक्की घरका कारण पनि घरमा बस्दै आएका चरा कम भएका छन् । गौथली, परेवा, भँगेरा, मैना जस्ता चराले फुसको छानोमा गुड बनाउने गर्थे । अहिले सबै घर पक्की भएपछि गुड लगाउने ठाउँको कमी भएको छ ।'

एकातिर रुख हुने स्थानमा घरैघर छन्, भएका घर पनि सिमेन्टले बनेका चरामैत्री छैनन् । जसले गर्दा समस्या आएको धेरैको भनाइ छ। चराविज्ञ आनन्द चौधरी रैथाने चराको संख्यामा कमी आएको बताउँछन् । चराहरू बसाइँसराइ गर्ने र आगन्तुक चरा नेपालमा आउने कम भने बढेको उनको भनाइ छ। यसरी आउने आगन्तुक चराका लागि यतै बस्ने वातावरण मिलाउनसके चराको सङ्ख्या बढ्ने चौधरीको बुझाइ छ ।

'चराहरू लामो यात्राको प्रयास गर्ने, आराम गर्ने त छँदैछ, पछिल्लो समय जलवायु परिवर्तनका हिसाबले पनि समस्या भयो । चरा सङ्कटमा पर्नुका प्रमुख कारणमध्ये बासस्थानको विनास, जलवायु परिवर्तन, भौतिक पूर्वाधार पनि हुन्', उनले भने, 'चरा खतराको सूचक मात्रै होइन, अवसर पनि हो । यिनको संरक्षणका लागि सोच्नुपर्ने आवश्यकता छ ।'

यसका लागि सरकारी निकाय, स्थानीय र आदिवासी समुदायसँग सहकार्य गर्दै चरा तथा जैविक विविधता क्षेत्रको महत्वबारे आमनागरिकलाई जानकारी गराएर संरक्षण अभियान सञ्चालन गर्नुपर्ने चराविज्ञ चौधरीको धारणा छ । आगन्तुक चराका लागि अतिआवश्यक बासस्थानको पहिचान, अनुगमन र संरक्षण सुनिश्चित गर्ने, जनसमुदायलाई सचेत बनाउने विषयमा सबैले लाग्नुपर्ने उनको सुझाव छ ।

**कतारमा रोजगार**
कम्पनी: DARWISH INTERSERVE FACILITY MANAGEMENT
शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८१/०९/१२ चलानी नं.:६०२३०३४४ LT. No.:316053 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Cleaner General | 1 | 35 | स. काममा दक्ष | 1000 | ३८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३ गते (19 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RED CORAL ASSOCIATES PVT. LTD.
Group Of Companies
Gov. Lic. No. 625/063/064
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278
Mo.: 9851171385, 9851171383, 9851171384

**यूएईमा रोजगार**
कम्पनी: : POWER RECRUITMENT LLC
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०९/१६ चलानी नं.: ६०२३२००५ LT. No.: 316289 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Construction Labouers | 100 | 0 | स. काममा दक्ष | 800 | ३०,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३ गते (19 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन:०१४९५७०४७, मोबाईल: ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ भदौ २०८२ शुक्रबार
12 September 2025 Friday



# किन निर्माता बन्न चाहँदैन थिए आमिर ?

काठमाडौं/एजेन्सी- बलिउडका 'मिस्टर पर्फेक्सनिस्ट' भनेर परिचित आमिर खान आज सफल अभिनेता मात्र होइन, निर्माता (प्रोड्युसर) को हैसियतले पनि चिनिन्छन् । 'लगान', 'तारे जमीन पर', 'दंगल', 'पीपली लाइभ'देखि हालैको 'लापता लेडिज'सम्म उनका ब्यानरबाट बनेका फिल्महरूले भारतीय सिनेमालाई नयाँ उचाइमा पुऱ्याएका छन् । तर कमैले मात्रै थाहा पाएका छन् कि आमिर वास्तवमा कहिल्यै प्रोड्युसर बन्न चाहँदैनथे ।

आमिरले हालसालै दिएको एक अन्तर्वार्तामा उनका पिता ताहिर हुसैनका कारण उनले निर्माता बन्ने सोच कहिल्यै नबनाएको स्पष्ट पारेका छन् । उनका पिता आफैं एक सफल निर्माता बन्न संघर्षरत थिए, तर अनेक कठिनाइ भोगेका थिए ।

आमिर भन्छन्, 'जब मैले पहिलोपटक बाबुको करियर नजिकैबाट देखें, म धेरै सानो थिएँ । त्यो बेला मलाई महसुस भयो कि प्रोड्युसर बन्नु सबभन्दा कठिन काम हो । तपाईंले पैसा लगाउनु पर्छ, जोखिम लिनु पर्छ, टिमले कहिलेकाहीँ साथ दिँदैन र अन्तिममा गाली पनि तपाईंले नै खानुपर्छ । मेरो बाबुको फिल्म लकेट बनाउन मात्रै आठ वर्ष लाग्यो । त्यस्तो संघर्ष देखेपछि मैले ठानें– म अभिनेता बनेको छु, मेरो करियर कयामत से कयामत तकबाट हिट भइसकेको छ । फेरि निर्माता बन्ने के आवश्यकता ?'

करियरको सुरुवाती दिनमै आमिरले विभिन्न अन्तर्वार्तामा खुलेरै भनिसकेका थिए कि उनी कहिल्यै निर्माता बन्ने छैनन् । तर समयले अर्कै खेल खेल्यो । आमिरले स्मरण गर्दै भने, 'भगवानले मेरो कुरा च्यालेन्जजस्तो लिनुभयो कि के हो, अन्ततः मलाई नै लगान निर्माण गर्न बाध्य बनाइयो ।'


'लगान' बनाउनुपर्ने निर्णयमा आमिरकी आमाको ठूलो योगदान रहेको उनले बताए । फिल्मको कथा सुनेपछि उनका आमाबाबु दुवै प्रभावित भए । तर प्रश्न उठ्यो- फिल्मलाई कसले बनाउने ? त्यसबेला आमाले नै सुझाव दिएकी थिइन्, 'यस्तो राम्ररी लेखिएको कथा प्रायः भेटिँदैन । त्यसैले तिमी आफैंले यो फिल्म बनाउनुपर्छ ।'

आमिरको पहिलो निर्माण 'लगान'ले भारतीय मात्र होइन, विश्व चलचित्र क्षेत्रमा समेत ठूलो प्रभाव पारेको छ । फिल्मले अस्कर अवार्डको अन्तिम नामांकनसम्म स्थान पायो । यद्यपि, विजेता बन्न सकेन, तर 'लगान'ले भारतीय सिनेमामा इतिहास रच्यो । यसपछि आमिरलाई केवल अभिनेता नभई निर्माता र कथावाचनमा गहिरो दृष्टि राख्ने कलाकारका रूपमा पनि चिनियो ।

आमिरको अनुभवबाट एउटा ठूलो सन्देश मिल्छ- कहिल्यै पनि जीवनमा 'म यो काम गर्दिनँ' भनेर ठोकुवा गर्नु हुँदैन । उनले भने, 'मानिसले कहिल्यै पनि यस्तो बयान दिनु हुँदैन जसमा उसले कुनै काम कहिल्यै नगर्ने दाबी गर्छ । किनकि जीवनमा कहिले पनि जे पनि हुन सक्छ ।'

आज आमिर खान बलिउडमा मात्र नभई विश्वस्तरमै मान्यता प्राप्त नाम बनेका छन् । निर्माता बन्ने विचार कहिल्यै नगरे पनि उनले निर्माण गरेका फिल्महरूले उनको करियरलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन् ।

# अरिजित सिंहले लेखे नयाँ इतिहास, लन्डनमा सोल्ड–आउट सो



**काठमाडौं/एजेन्सी–** लन्डनको टोटनह्याम हस्पर स्टेडियम आइतबार राति भारतीय गायक अरिजित सिंहको स्वरले गुञ्जायमान बन्यो । ५० हजारभन्दा बढी दर्शकले एकैसाथ गीत गाएर साथ दिएका यो कन्सर्टले अरिजितलाई इतिहासमा नाम लेख्ने अवसर दिएको छ । सिंह बेलायतको कुनै स्टेडियममा प्रस्तुति दिँदा टिकट 'सोल्ड आउट' गर्ने पहिलो भारतीय कलाकार बनेका हुन् ।

यस ऐतिहासिक क्षणले सिंहलाई विश्वका ठूला सुपरस्टारहरू- बेयोंसे, केन्ड्रिक लामार, लेडी गागा, इम्याजिन ड्र्यागन्स जस्ता कलाकारहरूको स्तरमा पुऱ्याएको छ । त्यो रात टोटनह्याम हस्पर स्टेडियम भने केवल अरिजितकै थियो ।

युरोपका विभिन्न देशबाट दर्शक आएका थिए । टिकट सार्वजनिक भएको केही घण्टामै २५ हजारभन्दा बढी बिक्री भइसकेको थियो भने अन्ततः ५० हजारभन्दा बढी दर्शकको उपस्थिति रह्यो । उनीहरूको स्वरले स्टेडियमभित्र मात्र नभई लन्डनको आकाशमा समेत संगीतको तरंग फैलिएको अनुभूति भयो ।

सिंहले आफ्नो कालजयी गीत 'तुम ही हो' देखि 'ऐ दिल है मुश्किल' सम्मका लोकप्रिय धुन प्रस्तुत गरे । साथै, उनले केही गीतमा नयाँ शैली र संयोजन प्रस्तुत गरेर दर्शकलाई चकित पारिदिए ।

'केसरिया' गीतलाई उनले २४ सदस्यीय अर्केस्ट्रासँगै प्रस्तुत गर्दा स्टेडियमभरि सन्नाटा छाएको र दर्शक आँसु रोक्न नसकेको बताइएको छ । एकपटक त उनले अकौस्टिक मेड्लीमार्फत सम्पूर्ण दर्शकलाई गहिरो मौनमा डुबाएका थिए ।

सिंहको प्रस्तुति बीचमा विश्वप्रसिद्ध सितारवादक अनुष्का शंकर स्टेजमा प्रवेश गरिन् । दुवैले आगामी प्रोजेक्टका लागि तयार गरेको विशेष टुक्रा प्रस्तुत गर्दा दर्शक विस्मित बने । भारतीय संगीतको आत्मा र पश्चिमी प्रभावको मिश्रणले अद्वितीय क्षण सिर्जना गऱ्यो ।

कन्सर्टलाई अझै भव्य बनाउन सिंहको टेक्निकल टोलीले अत्याधुनिक भिजुअल, ३६०-डिग्री स्क्रिन, मल्टिलेयर्ड स्टेज र उच्चस्तरीय साउन्ड सिस्टम प्रयोग गऱ्यो । लन्डनको आकाश नै रंगीन लाइट शो, लेजर र सिनेमाटिक प्रोजेक्सनले रंगिएको थियो ।

सिंहले तीन घण्टा ३० मिनेट लामो कार्यक्रम प्रस्तुत गरे पनि उनको विशाल गीत संग्रहलाई पूर्ण रूपमा प्रस्तुत गर्न समय अपुग भयो । अन्तिम क्षणमा पनि दर्शकको ऊर्जा र उत्साह उस्तै थियो । हजारौं दर्शक अझै थप गीतको आशामा उभिएका थिए ।

यो कन्सर्टभन्दा अघि २०२४ मा उनले लन्डनको इ२ एरिनामा 'सोल्ड आउट' कन्सर्ट दिएका थिए, जसमा एड शिरनसँगै 'एभचाभअत' गीत गाएर दर्शकलाई अचम्ममा पारेका थिए । उनीहरूको सहकार्य हालैको 'सफिर' नामक गीतमा पनि देखिएको छ, जुन यसपटकको सेटलिस्टमा समेत समावेश थियो ।

हाल अरिजित सिंहसँग १५१ मिलियनभन्दा बढी स्पोटिफाइ फलोअर्स छन्- यो संख्या विश्वमै सबैभन्दा धेरै हो, जसले उनलाई टेलर स्विफ्ट र एड सिरनभन्दा पनि अगाडि पुऱ्याएको छ । यो तथ्य मात्र होइन, लन्डनमा भएको यो ऐतिहासिक प्रस्तुति अरिजितलाई भारतको मात्र नभई विश्वकै संगीत फिनोमेनन बनाएको छ ।

# यामी गौतम भन्छिन्– 'म कसैलाई उपदेश दिन सक्दिनँ'



**काठमाडौं/एजेन्सी–** मुम्बईमा स्किन केयर ब्रान्ड ओलेले आयोजना गरेको एक कार्यक्रममा बलिउड अभिनेत्री यामी गौतमले सौन्दर्य शल्यक्रिया (कस्मेटिक सर्जरी) बारे आफ्नो धारणा व्यक्त गरेकी छिन् । उनलाई सोधिएको थियो कि के उनले कहिल्यै शल्यक्रियामार्फत आफ्नो रूप परिवर्तन गर्ने विचार गरेकी छन् ? यो प्रश्नको जवाफमा यामीले हाँस्दै भनिन्, 'शल्यक्रियाको चक्कु त केवल आलु र प्याजका लागि हुनुपर्छ ।' उनको यो हल्का हास्यपूर्ण जवाफले दर्शकहरूलाई हँसाएको थियो ।

जब यामीलाई यो बताइयो कि धेरै सेलिब्रेटीहरू सौन्दर्य शल्यक्रिया गर्छन्, उनले स्पष्ट रूपमा भनिन्, 'म कसैलाई उपदेश दिने वा सल्लाह दिने कोही होइन । विशेष गरी जब यो सर्वसाधारणलाई सम्बोधन गर्ने कुरा हो ।'

उनले आफ्नो विश्वासलाई जोड दिँदै भनिन्, 'मेरा प्रशंसकहरू वा मेरो काम र यात्रालाई नजिकबाट नियाल्ने जो कोहीले मलाई सधैं वास्तविक, कमजोरीसहितको र आफैंमा रमाउने व्यक्तिको रूपमा चिन्छन् । यो मेरो व्यक्तिगत सन्देश हो। म कसैलाई उपदेश दिन चाहन्न। जसलाई जे कुराले खुशी दिन्छ, जे राम्रो लाग्छ, त्यही गर्नुपर्छ । हामीले त्यही गर्नुपर्छ जसले हामीलाई सबैभन्दा धेरै खुशी दिन्छ । यदि तपाईं खुशी रहनुभयो भने, तपाईं सधैं राम्रो देखिनुहुन्छ ।'

यामीले आफूलाई सधैं प्राकृतिक र वास्तविक रूपमा प्रस्तुत गर्न रुचाउने बताइन् । उनले सौन्दर्यको परिभाषा बाहिरी रूपमा मात्र सीमित नरहेको बरु आत्मविश्वास र खुशीमा निर्भर रहने कुरामा जोड दिइन् । उनको यो विचारले धेरैलाई प्रेरणा दिएको छ, विशेष गरी युवा पुस्तालाई, जो बाहिरी सौन्दर्यको दबाबमा परिरहेका हुन्छन् ।

सन् २०२३ मा इन्डियन एक्सप्रेससँग कुरा गर्दै यामीले खुलासा गरेकी थिइन् कि उनलाई एकपटक नाकको शल्यक्रिया गर्न सुझाव दिइएको थियो । उनले भनेकी थिइन्, 'मलाई नाकको शल्यक्रिया गर्न सल्लाह दिइयो ! यस्ता धेरै सल्लाहहरू आउँछन् । मानिसहरू अरूको अनुहारप्रति किन यति धेरै जुनूनी हुन्छन् ? केही केटीहरू र व्यक्तिहरूले यस्ता सल्लाहलाई गम्भीर रूपमा लिन्छन् । मलाई यो कुरा निकै नराम्रो लाग्छ किनभने तपाईंले हरेक दिन आफ्नो अनुहार हेर्नुपर्छ र काम गर्नुपर्छ । कहिलेकाहीँ यस्ता कुराहरू गलत दिशामा जान्छन् ।'

उनले थपिन्, 'यो व्यक्तिगत छनोटको कुरा हो, प्रत्येकको आफ्नै स्वतन्त्रता छ । म कसैमाथि टिप्पणी गर्न चाहन्न । तर मलाई लाग्छ यो ठीक होइन कि कसैले तपाईंलाई यो गर्नुपर्छ वा त्यो गर्नुपर्छ भनेर दबाब देओस्, जस्तै 'यस्तो गरेमा तिमी राम्रो देखिन्छौ वा तिमीलाई कास्ट गरिन्छ ।' म यस्ता कुराहरूसँग सहमत छैन ।' यामीको यो भनाइले उनको आत्मविश्वास र आफ्नो निर्णयमा दृढ रहने स्वभावलाई झल्काउँछ ।

यामी गौतमलाई दर्शकहरूले पछिल्लो पटक प्रतीक गान्धीसँगको कमेडी चलचित्र धूम धाम मा देखेका थिए । यो चलचित्र यस वर्षको सुरुमा नेटफ्लिक्समा रिलिज भएको थियो । यामी अब इमरान हाशमीसँग एक अदालती नाटकमा देखिनेछिन्, जुन सन् १९८५ को शाह बानो बनाम अहमद खान मुद्दाबाट प्रेरित छ । यस चलचित्रमा यामीले शाह बानोको भूमिका निर्वाह गर्नेछिन् भने इमरानले उनको पूर्वपति अहमद खानको चरित्रमा प्रेरित भूमिका खेल्नेछन् । यो चलचित्र निर्देशक सुपर्ण एस वर्माको अदालती त्रयीको दोस्रो भाग हो। पहिलो भाग सिर्फ एक बन्दा काफी है (२००३) मा मनोज बाजपेयी मुख्य भूमिकामा थिए ।

यामी गौतमको यो स्पष्ट र आत्मविश्वासपूर्ण दृष्टिकोणले उनलाई बलिउडमा एक फरक पहिचान बनाएको छ । उनले सधैं आफूलाई प्राकृतिक र वास्तविक रूपमा प्रस्तुत गर्ने प्रयास गरेकी छिन्, जसले उनको प्रशंसकहरूलाई आत्म-स्वीकृति र आत्मविश्वासको सन्देश दिएको छ । सौन्दर्य शल्यक्रियाको दबाबमा नपरी आफ्नो व्यक्तित्व र कमजोरीलाई अंगाल्ने उनको सोचले धेरैलाई प्रेरणा दिएको छ । उनको यो विचारले विशेष गरी युवा पुस्तालाई सौन्दर्यको परम्परागत परिभाषालाई चुनौती दिन र आफूलाई माया गर्न प्रोत्साहन गरेको छ ।

यामीको आगामी चलचित्र र उनको यो सकारात्मक सन्देशले उनलाई बलिउडमा थप चर्चित र प्रेरणादायी व्यक्तित्व बनाउने निश्चित छ । उनको काम र विचारले उनलाई एक यस्तो अभिनेत्रीको रूपमा स्थापित गरेको छ, जो केवल अभिनयमा मात्र होइन, आफ्नो मूल्य र विश्वासमा पनि अडिग रहन्छिन् ।

# दोस्रो खेल नखेली स्वदेश फर्कियो बंगलादेशी फुटबल टोली



**काठमाडौं/मस-** नेपालमा मैत्रीपूर्ण फुटबल खेलका लागि आएको बंगलादेशको राष्ट्रिय फुटबल टोली तीन दिनको अनिश्चितता र अलपत्र अवस्थापछि बिहीबार बिहान स्वदेश फर्किएको छ। बंगलादेशी सेनाको विशेष उडानमार्फत टोली बिहान ११:३० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ढाकातर्फ प्रस्थान गरेको अखिल नेपाल फुटबल संघ (एन्फा)का प्रवक्ता सुरेश शाहले पुष्टि गरेका छन्।

बंगलादेश फुटबल टोली दुईवटा मैत्रीपूर्ण खेल खेल्न गत साता नेपाल आएको थियो। पहिलो खेल ६ सेप्टेम्बरमा दशरथ रंगशालामा भएको थियो, जुन गोलरहित बराबरीमा सकिएको थियो। दोस्रो खेल ९ सेप्टेम्बरमा हुने तय भएको थियो। तर काठमाडौंमा उत्पन्न अस्थिर परिस्थितिका कारण खेल रद्द गर्नुपरेको थियो।

८ सेप्टेम्बरदेखि काठमाडौंमा जेनजी आन्दोलन चर्किएपछि स्थिति तनावग्रस्त बन्यो। आन्दोलनका क्रममा प्रहरीको गोली लागेर १९ जनाको ज्यान गएको घटनाले देशभर तनाव फैलियो। यही कारण बंगलादेश टोलीले निर्धारित प्रशिक्षण पनि गर्न पाएन। खेल रद्द भएपछि टोली स्वदेश फर्कने तयारीमा थियो, तर विमानस्थल बन्द भएकाले उनीहरू काठमाडौंको एक होटलमा अलपत्र परे।

आन्दोलनका कारण बन्द भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बुधबार साँझबाट पुनः सञ्चालनमा आएपछि टोलीको स्वदेश फिर्तीको बाटो खुल्यो। बंगलादेशी सेनाको विशेष व्यवस्थामा टोलीलाई बिहीबार बिहान ढाका फर्काइएको हो। एन्फाका प्रवक्ता शाहले भने, 'अप्रत्यासित परिस्थितिका कारण टोलीलाई नेपालमा केही दिन रोकिनुपर्‍यो। तर अब उनीहरू सुरक्षित रूपमा स्वदेश फर्किएका छन्।'

जेनजी आन्दोलनले काठमाडौंको जनजीवन प्रभावित भएको छ। सडक प्रदर्शन, ढुंगामुढा र प्रहरी कारबाहीका कारण खेलकुद गतिविधि मात्र होइन, अन्य क्षेत्र पनि ठप्प भएका छन्। बंगलादेश टोलीको अलपत्र अवस्थाले अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालको अवस्थाबारे चर्चा भएको छ।

एन्फाले यो घटनालाई अप्रत्यासित र दुखद् भएको बताएको छ। प्रवक्ता शाहले भने, 'हामीले बंगलादेश टोलीलाई नेपालमा स्वागत गर्न पाउँदा खुसी थियौं, तर परिस्थितिवश दोस्रो खेल रद्द गर्नुपर्‍यो। हामी टोलीको सुरक्षित फिर्तीका लागि समन्वय गरिरहेका थियौं। अब उनीहरू सकुशल फर्किएका छन्।'

नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण खेलले दुई देशबीचको खेलकुद सम्बन्धलाई थप बलियो बनाउने अपेक्षा गरिएको थियो। यद्यपि, यो घटनाले भविष्यमा यस्ता अन्तर्राष्ट्रिय खेल आयोजनामा थप सावधानी अपनाउनुपर्ने आवश्यकता औंल्याएको छ। एन्फाले आगामी दिनमा यस्ता अवरोधबाट बचन रणनीति बनाउने जनाएको छ।

# एसिया कपमा भारतको विजयी सुरुवात




**काठमाडौं/एजेन्सी-** साविक विजेता भारतले यसपटकको एसिया कप धमाकेदार तरिकाले सुरु गरेको छ। समूह चरणको पहिलो खेलमै भारतले संयुक्त अरब इमिरेट्स (युएई) लाई ५७ रनमै अलआउट गर्दै ९ विकेटले पराजित गरेको हो।

बुधबार दुबई अन्तर्राष्ट्रिय रंगशालामा टस जितेर पहिले ब्याटिङ गरेको युएईले राम्रो सुरुवात गरे पनि मध्यान्तरपछि भारतीय बलरहरूको धारिलो आक्रमण सामना गर्न सकेन। ओपनर अलिशान सराफु (२२) र कप्तान मुहम्मद वासिम (१९) को प्रयास बाहेक बाँकी ब्याटरहरू दोहोरो अंकमा रन बनाउन असफल रहे।

युएईले एक चरणमा २ विकेटको नोक्सानीमा ४७ रन बनाइसकेको थियो। तर त्यसपछि लगातार ८ विकेट गुमाउँदै टोली १३.१ ओभरमै ५७ रनमा समेटियो।

भारतका स्पिनर कुलदीप यादव घातक बने। उनले २.१ ओभरमा मात्र ७ रन खर्चेर ४ विकेट हात पारे। शिवम दुबेले ३ विकेट लिँदा जसप्रीत बुमराह, अक्षर पटेल र भरण चक्रवर्तीले समान १-१ विकेट लिएका थिए।

भारतविरुद्ध युएईको ५७ रन एसिया कपमा कुनै पनि टोलीले बनाएको सबैभन्दा न्यून स्कोर बनेको छ।

लक्ष्य पछ्याउन उत्रिएको भारतले सुरुवातमै आक्रामक ब्याटिङ गर्‍यो। ओपनर अभिषेक शर्माले पहिलो बलमै छक्का र दोस्रो बलमा चौका प्रहार गर्दै खेललाई एकतर्फी बनाए। उनले १६ बलमा ३ छक्का र २ चौकासहित ३० रन योगदान गरे।

शुभमन गिलले ९ बलमा अविजित २० रन बनाए भने कप्तान सूर्यकुमार यादव ७ रनमा नटआउट रहे। भारतले लक्ष्य ४.३ ओभरमै भेट्टाउँदै सानदार जित दर्ता गर्‍यो।

यस जीतसँगै भारतले समूह 'ए' मा आफ्नो स्थिति मजबुत बनाएको छ। अब भारतले आइतबार पाकिस्तानसँग दोस्रो खेल खेल्नेछ, जुन 'हाई भोल्टेज' भिडन्त हुने अपेक्षा गरिएको छ। सोही समूहमा ओमान पनि रहेको छ।

यस्तै अर्को समूहमा अफगानिस्तान, श्रीलंका, बंगलादेश र हङकङ प्रतिस्पर्धा गरिरहेका छन्। प्रत्येक समूहबाट शीर्ष दुई टोली सुपर फोरमा प्रवेश गर्नेछन्।

# प्राउडको विवादास्पद 'एन्हान्स्ड गेम्स' यात्रा



**काठमाडौं/एजेन्सी-** ओलम्पिक पौडीबाज बेन प्राउडले आफूलाई एन्हान्स्ड गेम्समा सहभागी गराउने निर्णय लिँदै ठूलो चर्चा र विवाद सिर्जना गरेका छन्। यस प्रतियोगिताले खेलाडीलाई औषधि वा प्रतिबन्धित प्रदर्शन-बढाउने पदार्थ चिकित्सकीय निगरानीमा सेवन गर्न दिने व्यवस्था गरेको छ, जसलाई विश्व एण्टी-डोपिङ एजेन्सी (डब्लुएडिए) ले 'खतरनाक र गैरजिम्मेवार योजना' भन्दै कडा आपत्ति जनाएको छ।

३१ वर्षे प्राउड एन्हान्स्ड गेम्समा सहभागी हुने पहिलो ब्रिटिश एथलीट बनेका हुन्। उनले यस प्रतियोगिताबाट एकै खेलमा पाउने पुरस्कार राशिलाई परम्परागत खेलले दशकौंमा दिने रकमसँग तुलना गर्दै निर्णय लिन बाध्य भएको बताएका छन्।

प्राउडले बीबीसीसँग भनेका छन्, 'मलाई १३ वर्षसम्म लगातार विश्व च्याम्पियनसिप जित्नुपर्छ, तब मात्र एन्हान्स्ड गेम्समा एउटा मात्र जितले दिने पुरस्कार बराबर हुन्छ।'

एन्हान्स्ड गेम्सले उपस्थितिका लागि विशेष शुल्क दिने बताएको छ, साथै ५० मिटर फ्रीस्टाइलमा विश्व कीर्तिमान तोड्न सके ४१ मिलियन बोनस पाउने व्यवस्था गरिएको छ। यही इभेन्टमा प्राउडले विश्व तथा युरोपियन स्वर्ण जितेका छन्।

तुलनामा, २०२२ मा भएको विश्व एक्वाटिक्स च्याम्पियनसिपमा पौडी खेलको कुल पुरस्कार रकम २.७३ मिलियन अमेरिकी डलर मात्र थियो, जसमा विजेताले २० हजार डलर पाएका थिए। प्राउड हाल एक्वाटिक्स जिबीको वर्ल्ड क्लास प्रोग्राम 'पोडियम' सूचीमा परेका छन्, जसअन्तर्गत ओलम्पिक पदक सम्भावना भएका खेलाडीलाई वर्षमा २९ हजार पाउन्डसम्मको लगानी दिने गरिएको छ। तर संस्थाले उनको निर्णयलाई 'कडा शब्दमा निन्दा गरिएको' भन्दै विज्ञप्ति जारी गरेको छ।

यस्तै, युके स्पोर्टले पनि प्राउडलाई सार्वजनिक कोष उपलब्ध गराउन उपयुक्तता सम्बन्धी तत्काल निर्णय गर्ने जनाएको छ। युके एन्टि-डोपिङ (युकेएडि)की प्रमुख जेन रम्बलले भनिन्, 'सत्य खेलको भावना विपरीत जाने यस्तो प्रतियोगितामा कुनै ब्रिटिश खेलाडी सहभागी हुनु अत्यन्त निराशाजनक छ।'

प्राउडले आलोचना स्वाभाविक भएको स्वीकार गरे पनि आफ्नो निर्णयलाई अलग ढंगले हेर्न आग्रह गरेका छन्। 'परम्परागत खेल र एन्हान्स्ड गेम्स दुई भिन्न प्रारूप हुन्। म परम्परागत पौडीमा फर्कने अपेक्षा राख्दिनँ।'

उनका अनुसार, प्रतियोगितामा भाग लिनका लागि अनिवार्य रूपमा प्रतिबन्धित पदार्थ सेवन गर्नुपर्छ भन्ने छैन। तर यदि भविष्यमा चिकित्सकको सल्लाह अनुसार त्यस्ता पदार्थ सेवन गर्नुपरे, आफू सुरक्षित वातावरणमै हुने दाबी गरे।

एन्हान्स्ड गेम्स सन् २०२६ को मे २१ देखि २४ सम्म अमेरिकाको लस भेगासमा हुने तय भएको छ। यसमा छोटो दूरीको पौडी, स्प्रिन्ट र भारोत्तोलनजस्ता खेल हुने बताइएको छ। आयोजकहरूले यसलाई वार्षिक रुपमा गर्ने तयारी गरेका छन्।

तर विश्व एक्वाटिक्सले यसअघि नै निर्णय गर्दै एन्हान्स्ड गेम्समा सहभागी खेलाडी, प्रशिक्षक वा आधिकारिक व्यक्तिलाई आफ्ना प्रतियोगितामा प्रतिबन्ध गर्ने घोषणा गरिसकेको छ।

प्राउडले २०२२ मा ५० मिटर फ्रीस्टाइलमा विश्व स्वर्ण जितेका थिए। उनले पेरिस २०२४ ओलम्पिकमा रजत जितेका थिए भने यसै वर्षको विश्व च्याम्पियनसिपमा रजत पदक थपेका थिए। प्राउडले भने, 'म आफ्नो खेललाई सम्मान गर्ने हेतुले परम्परागत प्रतियोगिताबाट टाढा हुने निर्णय गरेको हुँ। फर्कने अपेक्षा छैन, तर नयाँ कदम चाल्दा विवाद हुनु स्वाभाविक हो।'

# एरिक्सन उल्फ्सबर्गमा दुई वर्षका लागि अनुबन्धित




**काठमाडौं/मस-** जर्मन बुन्डेसलिगा क्लब विएफएल उल्फ्सबर्गले अनुभवी डेन्मार्केली मिडफिल्डर क्रिस्टियन एरिक्सनलाई दुई वर्षका लागि अनुबन्ध गरेको जनाएको छ। म्यानचेस्टर युनाइटेडसँगको सम्झौता सकिएपछि स्वतन्त्र खेलाडीको रूपमा उनी उल्फ्सबर्ग पुगेका हुन्। क्लबले बुधबार विज्ञप्ति जारी गर्दै एरिक्सनको आगमनलाई ऐतिहासिक उपलब्धि बताएको छ।

३३ वर्षीय एरिक्सनले अघिल्ला दिनहरूमा युरोपका प्रतिष्ठित क्लबहरूमा लामो अनुभव संगालिसकेका छन्। उनले प्रिमियर लिगतर्फ टोटनहम हस्पर, ब्रेन्टफोर्ड र म्यानचेस्टर युनाइटेडका लागि गरेर ३१० खेल खेलेका छन्। त्यसअघि नेदरल्यान्ड्सको आयाक्स आम्स्टर्डम र इटालीको इन्टर मिलानबाट समेत उनी मैदान उत्रिएका थिए।

उनको खेलजीवन भने २०२१ को युरोपियन च्याम्पियनसिपमा गम्भीर मोडमा पुगेको थियो। फिनल्यान्डविरुद्धको खेलका क्रममा उनले हृदयघात भोगेका थिए, जसले उनको जीवन नै संकटमा पार्‍यो। पछि चिकित्सकहरूले उनको शरीरमा इम्प्लान्टेबल कार्डियोभर्टर डिफिब्रिलेटर उपकरण फिट गरेपछि मात्र उनी पुनः व्यावसायिक फुटबलमा फर्किएका थिए।

उल्फ्सबर्गका खेल निर्देशक सेबास्टियन शिन्ड्जेलर्जले एरिक्सनको अनुबन्ध क्लबका लागि ठूलो उपलब्धि भएको बताए। उनले भने, 'हामीसँग अब यस्तो खेलाडी आएको छ, जसले सर्वोच्च स्तरमा सबै कुरा अनुभव गरिसकेका छन्। उनको विशाल अनुभव, खेलकौशल र व्यक्तिगत व्यक्तित्वले विशेषगरी हाम्रो युवा खेलाडीहरूलाई ठूलो फाइदा पुर्‍याउनेछ।'

हाल बुन्डेसलिगामा उल्फ्सबर्ग छैटौं स्थानमा छ। टोलीले आउँदो शनिबार कोलोनविरुद्धको घरेलु खेल खेल्दैछ, जसमा एरिक्सनलाई टोलीसँगै देखिने अपेक्षा गरिएको छ।



*काठमाडौंको चहलपहल बढ्दै : बालाजुको माछापोखरीस्थित चक्रपथ सडकमा बिहीबार देखिएको चहलपहल । **तस्बिर : हरिराम भेट्वाल***

# जनधनको क्षतिप्रति चेम्बर अफ कमर्सद्वारा दुःख व्यक्त




**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्सले हालै देशभर भएको आन्दोलनमा जनधनमा भएको ठूलो क्षतिप्रति गहिरो दुःख व्यक्त गरेको छ। आन्दोलनका क्रममा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै चेम्बरले शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ।

आन्दोलनका क्रममा औद्योगिक र व्यावसायिक क्षेत्रमा गम्भीर क्षति भएको उल्लेख गर्दै चेम्बरले वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संवाद, सहकार्य र संयमता अपनाउन सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण गराएको छ। भ्रष्टाचार निवारण, सुशासन कायम, राज्य संयन्त्रको पारदर्शिता, रोजगारी सिर्जना र सरकारी सेवामा नागरिकको सहज पहुँचजस्ता जेनजीले उठाएका विषयलाई सबै सरोकारवालाले गम्भीरतापूर्वक लिनुपर्ने आजको अवश्यकता देखिएको चेम्बरले औंल्याएको छ। आन्दोलनका क्रममा भएको जनधनको ठूलो क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यावसायिक वातावरण खलबल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्नेमा चेम्बरले जोड दिएको छ। आगामी दिनमा यस्ता खाले घटना दोहोरिन नदिन सरोकारवाला पक्ष र जेनजी पुस्ताका युवाहरूलाई संवाद र रचनात्मक सहकार्यमार्फत दीर्घकालीन समाधान खोज्न चेम्बरले आह्वान गरेको छ। साथै, मुलुकको समग्र विकासमा सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य रहेको धारणासमेत चेम्बरले व्यक्त गरेको छ।

# 'देशको अर्थतन्त्रलाई पुनः गतिशील बनाऔं'



**काठमाडौं/मस–** सामाजिक सञ्जाल निषेध र भ्रष्टाचारविरुद्ध जेन-जी पुस्ताले सञ्चालन गरेको प्रदर्शनका क्रममा भएको जनधन र राष्ट्रिय सम्पत्तिको क्षतिप्रति नेपाल उद्योग वाणिज्य संघ काठमाडौंले गहिरो दुःख व्यक्त गरेको छ।

संघले विज्ञप्ति जारी गर्दै ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गरिएको छ भने घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको हो।

युवा पुस्ताले उठाएका मागप्रति संवेदनशील रहँदै देशमा शान्ति-सुरक्षा, नागरिक सेवामा सहज पहुँच, स्वतन्त्र पेसा-व्यवसाय गर्ने अधिकारको सुनिश्चितता, भ्रष्टाचारमुक्त प्रणाली, लगानी तथा रोजगारी प्रवर्धनका लागि सबै सरोकारवालालाई एकताबद्ध हुन संघका अध्यक्ष दिनेश श्रेष्ठद्वारा जारी विज्ञप्तिबाट आह्वान गरिएको छ। संघले देशको शान्ति, स्थिरता र आर्थिक पुनरुत्थानका लागि सहकार्य गर्न आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपाली सेनाको नेतृत्व र संयोजनमा अगाडि बढ्ने समन्वयात्मक कार्यमा सहयोग गर्ने जनाएको छ।

यस कठिन परिस्थितिमा उत्पादन, रोजगारी, लगानी र बजार सन्तुलनलाई प्राथमिकता दिँदै देशको अर्थतन्त्रलाई पुनः गतिशील बनाउन नेपाली सेना, निजी क्षेत्र, उद्योगी व्यवसायी तथा नागरिक समाजसँग मिलेर काम गर्ने संघको प्रतिबद्धतासमेत विज्ञप्तिमा व्यक्त गरिएको छ।

# क्षतिको दाबी भुक्तानी छिटो र सहज बनाउन बिमा कम्पनीलाई प्राधिकरणको आग्रह




**काठमाडौं/मस–** नेपाल बिमा प्राधिकरणले जेनजी आन्दोलनबाट भएको भौतिक पूर्वाधारमा

भएको क्षतिको दाबी भुक्तानी छिटो र सहज बनाउन निर्जीवन बिमा कम्पनीहरूलाई आग्रह गरेको छ। प्राधिकरणले बिहीबार एक परिपत्र जारी गर्दै सबै निर्जीवन र लघु निर्जीवन बिमा कम्पनीलाई भुक्तानी प्रक्रियालाई सहज बनाउन आग्रह गरेको छ।

'गत भदौ २३ गतेदेखि उत्पन्न भएको असहज परिस्थितिको कारण सिर्जित सार्वजनिक तथा निजी क्षेत्रमा क्षति पुगेको सर्वविदितै छ। सो परिस्थितिको कारण बिमितको धन सम्पतिको हुन गएको क्षति र असहजतालाई मध्यनजर गर्दै सोबाट पर्न सक्ने दाबीलाई यथासम्भव छिटो र सहज ढंगले फछ्र्योट गर्न हुन निर्देशानुसार अनुरोध गरिन्छ,' प्राधिकरणले भनेको छ।

प्राधिकरणले क्षतिको बिमा दाबी विवरण साप्ताहिक रूपमा प्राधिकरणमा पठाउनसमेत आग्रह गरेको छ।

# बैंक तथा वित्तीय संस्था खुल्न थाले




काठमाडौं/मस- जेनजी आन्दोलनका कारण बन्द भएका बैंक बिहीबारबाट खुल्ल थालेका छन्। बिहीबार बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म खुलेका छन्।

गत सोमबारदेखि सुरु भएको जेनजी आन्दोलनका कारण बन्द भएका बैंक केही शाखाहरू सञ्चालनमा आएका नेपाल बैंकर्स संघले जनाएको छ।

उपत्यकाभित्रका आवश्यक बढीमा तीनवटासम्म शाखा सञ्चालन गर्ने निर्णय भएको बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले बताए। उनले आइतबारदेखि बैंकिङ शाखा थप र उपत्यकाबाहिर पनि बैंकिङ सेवा सुरु भएको जानकारी दिए। शुक्रबार पनि बिहान १० बजेदेखि सञ्चालनमा आएका बैंक दिउँसो २ बजेसम्म खुला हुने संघले जनाएको छ।

# आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान नियमित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ भदौ



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई उडान नियमित रूपमा सञ्चालन भइरहेको छ। विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेका अनुसार बुधबार साँझदेखि नै विमानस्थलको उडान नियमित रूपमा सञ्चालन भइरहेको छ। 'विगतका दिनहरूमा जस्तै आन्तरिक र अन्तर्राष्ट्रिय उडान सामान्य रूपमा सञ्चालन भइरहेको छ। यात्रु आवागमन सहज तुल्याउन सुरक्षा निकायसँग समन्वय गरिएको छ,' उनले भने।

विमानस्थलको हालको उडान तालिकाभन्दा उडान थप्न सक्ने अवस्था नरहेको र विगतकै क्षमतामा हवाई उडान नियमित गरिने विमानस्थलले जनाएको छ।

काठमाडौं उपत्यकामा निषेधाज्ञा जारी रहेकाले हवाई यात्रुलाई परिचय खुल्ने कागजातका आधारमा आवतजावतमा सहजीकरण गरिएको छ। नेपाल पर्यटन बोर्डले सटल बसको व्यवस्था गरी विदेशी पर्यटकलाई गन्तव्यमा पुऱ्याइने जनाएको छ। यता वायुसेवा कम्पनीले पनि आफ्ना यात्रुलाई विभिन्न व्यवस्था गरेर गन्तव्य लगिरहेको विमानस्थलले जनाएको छ।

निजी क्षेत्रका हवाई कम्पनी बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार आज बिहानदेखि नियमित रूपमा उडान भइरहेका छन्। काठमाडौं र बाहिरका गन्तव्यमा दुई/तीन दिनदेखि रोकिएका यात्रुलाई लैजानुपर्नेछ।

'जेनजी पुस्ता'का कारण विषम परिस्थिति उत्पन्न भए पनि यही २४ भदौदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिएको थियो। विमानस्थल सुरक्षा समितिको बैठकको निर्णयअनुसार बुधबार दिउँसो ३:३० बजेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान पुनः थाल्ने निर्णय गरिएको थियो। बुधबार साँझदेखि नै आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान सञ्चालन भइरहेका छन्।

विमानस्थलले हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिएर विमानस्थल आउन अनुरोध गरेको छ। साथै, यसरी आवतजावत गर्दा आधिकारिक हवाई टिकट र परिचय खुल्ने कागजात साथमा लिई आउनसमेत भनिएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर दैनिक ३ सयभन्दा बढी उडान हुन्छ। यसमध्ये आन्तरिकतर्फ २ सय ५० भन्दा बढी र अन्तर्राष्ट्रियमा दैनिक १०० हाराहारी उडान हुन्छ। विमानस्थल बिहान ६ देखि राति १ बजेसम्म सञ्चालन हुँदै आएको छ। आन्तरिकतर्फ १२ हेलिकोप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन्। अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन्।

# भाटभटेनी १२ शाखा पूर्णरूपमा जलेर नष्ट




**काठमाडौं/मस–** भाटभटेनी सुपरमार्केट्सका २८ स्टोरमध्ये सातबाहेक सबैमा क्षति पुगेको छ। जेन्जी आन्दोलन क्रममा भएको आगलागी र तोडफोटबाट निजी क्षेत्रमध्ये सबैभन्दा धेरै क्षति भाटभटेनीमा भएको छ। काठमाडौंसहित देशका विभिन्न स्टोरमा आगजनी, तोडफोड र लुटपाट हुँदा अर्बौंको क्षति भएको छ। भाटभटेनीका २८ स्टोरमध्ये १२ वटा स्टोरमा पूर्ण आगजनी गरिएको छ। नक्साल, महाराजगन्ज, बौद्ध, कोटेश्वर, बालुवाटारस्थित वेयर हाउस, पोखरा, चितवन, हेटौंडा, बिर्तामोड, दमक, विराटनगर र धरानस्थित स्टोरमा लुटपाट र आगजनी गरी पूर्ण नष्ट गरिएको कम्पनीका सिओओ पानु पौडेलले जानकारी दिए।

त्यसै कलंकी, थिमी, बालाजु, जनकपुर, बुटवल, वीरगन्ज, धनगढी, इटहरी र भैरहवास्थित स्टोरमा तोडफोड गरेर अधिकांश सामग्री लुटपाट भएको छ। बाँकी सात स्टोर टोखा, सातदोबाटो, अनामनगर, सानागाउँ, त्रिपुरेश्वर, पाटन र नेपालगन्जमा भने क्षति नभएको भाटभटेनीले जनाएको छ। भाटभटेनीका अध्यक्ष मीनबहादुर गुरुङकले हजारौं युवाले रोजगारी पाएका सुपरमार्केटका कतिपय स्टोर पूर्णरूपमा जलेर सञ्चालनमै आउन नसक्ने अवस्थामा पुगेको बताए। क्षति पुगेका स्टोरमा कार्यरत कर्मचारीको व्यवस्थापन अहिलेको मुख्य चुनौती रहेको उनले बताए। भाटभटेनीले क्षतिको पूर्ण विवरण संकलन गर्न कम्तीमा दुईदेखि तीन सातासम्म लाग्ने अनुमान गरेको छ। ठूलो संख्यामा रोजगारी, लगानी र व्यवसायमा परेको यस क्षतिले खुद्रा बजार र आपूर्तिमा समेत असर गर्ने देखिन्छ।

# मुस्ताङमा 'हाइब्रिड' स्याउ उत्पादनमा वृद्धि



**मुस्ताङ/मस–** मुस्ताङमा उच्चघनत्व प्रविधिमा आधारित 'हाइब्रिड' स्याउको उत्पादन भइरहेको छ। यसपटक 'पोस्ट हार्भेस्ट' अन्तिम चरणमा पुगेको छ। यहाँ सरोकार भएका निकाय सम्मिलित जिल्लास्तरीय समन्वयात्मक बैठकले उच्च 'हाइब्रिड' गाला स्याउ ५ भदौदेखि र किङरट जातको स्याउ १५ भदौदेखि जिल्ला बाहिर लैजान पाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार स्याउ बगैंचाबाट पोखरा–काठमाडौं लगायत स्थानमा पुऱ्याइ सकिएको छ।

कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष यस्तो स्याउको उत्पादन करिब १० प्रतिशतले वृद्धि भएको अनुमान छ। कार्यालय प्रमुख राजेश गुरुङले यहाँको प्रारम्भिक सर्वेक्षणमा स्याउ उत्पादनमा वृद्धि भएको देखिएको बताए। गत वर्ष मुस्ताङमा ६० हेक्टर 'हाइब्रिड' स्याउ बगैंचा क्षेत्र रहेकामा उत्पादनशील ५० हेक्टर क्षेत्रफलमा १ हजार २ सय ५० मेट्रिक टन स्याउ उत्पादन भएको उनले जानकारी दिए। यस वर्ष गत वर्षभन्दा १ सय २५ मेट्रिक टन बढी उत्पादन भएको कार्यालय प्रमुख गुरुङको भनाइ छ। यहाँ परम्परागत स्थानीय जातका स्याउको उत्पादनमा भने ह्रास आउने देखिएको कृषि ज्ञान केन्द्रले अनुमान गरेको छ। यस वर्ष गत वर्षको तुलनामा स्थानीय जातको स्याउ १५ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको केन्द्र प्रमुख गुरुङले सुनाए।

गत वर्ष यहाँ ८ सय ३० हेक्टरमा स्थानीय लगाइएकामा ६ हजार ७८ दशमलव ८४ प्रतिशत मेट्रिक टन उत्पादन भएको थियो। ज्ञान केन्द्रले गत वर्षभन्दा ९२ मेट्रिक टन कम उत्पादन हुने अनुमान गरेको छ।

थासाङ- १ टुकुचेका कृषक दिपसागर थकालीले यस वर्ष थासाङ क्षेत्रमा स्थानीय स्याउको उत्पादन एक तिहाइले घटेको बताए। 'गत वर्ष लटरम्म फलेको थियो तर यस वर्ष बोटमा स्याउ नै थोरै फलेको छ,' उनले भने।

केही क्षेत्रमा भने उत्पादनमा समस्या नआउने अनुमान रहेको छ। यहाँको घरपझोङ-५ स्थित चिम्ले अचार्ड कृषि स्याउ फार्ममा स्थानीय जातका स्याउ उत्पादनमा कुनै असर नपरेको फार्मका सञ्चालक कर्म गुरुङले बताए। बगैंचाको उचित व्यवस्थापन, भूगोल र स्थानले समेत स्याउ उत्पादनमा फरक पर्ने उनले सुनाए।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका प्रमुख पद्मनाथ आत्रेयले बोटमा फूल फुल्दै गरेका बेला वर्षा भएकाले असर पुऱ्याएकाले उत्पादनमा कमी आउने देखिएको बताए। तथापि जिल्लामा कति स्याउ उत्पादन भयो भन्नेबारे असोजपछि यकिन हुने उनको भनाइ छ।

केन्द्रका अनुसार स्थानीय र 'हाइब्रिड' गरी गत वर्ष यहाँ ६ हजार १६ हेक्टर क्षेत्रफलमा ७ हजार ३ सय २८ मेट्रिक टन स्याउ उत्पादन भएको थियो। जसमध्ये १० प्रतिशत स्याउ मुस्ताङमै खपत भएको थियो भने ९० प्रतिशत स्याउबाहिर निकासी भएको थियो। स्याउ निकासीबाट ८२ करोड ६८ लाख रुपैयाँकारोबार हुँदा ९ करोड १८ लाख ६७ हजार रुपैयाँबराबर जिल्लामै खपत भएको ज्ञान केन्द्रले जनाएको छ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**